झिमरुक गाउँपालिकाको आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम

सभावाट पारित मितिः२०८३/०३/०८

झिमरुक गाउँपालिकाको आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम र बजेटको सम्बन्धमा झिमरुक गाउँपालिकाका गाउँसभा अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्रीज्यूबाट गाउँ सभामा प्रस्तुत नीति तथा कार्यक्रम

गाउँसभाका सदस्य ज्यूहरु, सचिवज्यू एवं कर्मचारी, पत्रकारज्यूहरु, सुरक्षाकर्मिहरुको साथै उपस्थित सम्पूर्ण महानुभावहरु,

झिमरुक गाउँपालिकाको सभा अध्यक्षको हैसियतले आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम सभामा प्रस्तुत गर्न पाउँदा आफूलाई निकै गौरवान्वित भएको महसुस गरेको छु । खुसिको यस अवसरमा विभिन्न कालखण्ड हुँदै समाजवाद उन्मुख लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था स्थापना र नेपालको उन्नती प्रगती र समृद्धिको लागि संघर्ष गर्ने दौरानमा हजारौं ज्ञात अज्ञात योद्धाहरुले ज्यानको वाजी लगाई सहादत प्राप्त गर्नु भएकोहरु प्रति हार्दिक श्रद्धाञ्जली एवं सम्मान व्यक्त गर्दै सोकाकुल परिवार तथा आफन्तजनहरु प्रति हार्दिक समवेदना प्रकट गर्दछु । आन्दोलनका क्रममा घाइते, अपाङ्ग तथा वेपत्ता भएका व्यक्तिहरु प्रति सम्मान र सहानुभूति व्यक्त गर्दै घर परिवार र आफन्तजनहरु प्रति आदरभाव व्यक्त गर्दछु । राष्ट्रियता, जनतन्त्र र जनजिविकाका सवालहरुमा न्यायपूर्ण संघर्षको नेतृत्व गर्नुहुने आदरणिय अग्रजहरु प्रति उच्च सम्मान प्रकट गर्दै नेपाली समाजको रुपान्तरणमा आ-आफ्नो ठाउँबाट सहयोग पुऱ्याउनु हुने सवैको योगदानको स्मरण गर्न चाहान्छु ।

हामी सँग प्रयाप्त श्रोत साधन छैन तैपनि सिमित श्रोत साधनको अधिकतम सदुपयोग गरी **हाम्रो झिमरुक, राम्रो झिमरुक र हामी सबैको समृद्ध झिमरुक** गाउँपालिका बनाउन अवसर र चुनौति हाम्रो अगाडि छ । यस प्रकारको परिस्थितिको विचमा जनताप्रति उत्तरदायी स्थानीय सरकार सुशासनको अनूभुती दिने गरी डेलिभरी दिन सकेमात्र पालिकाले अवलम्बन गरेका नीति, कार्यक्रम, लक्ष्य र उद्धेश्यहरु छिटोछरीतो रुपमा पुरागर्न सकिन्छ भने सशक्त, श्रृजनशिल, स्वस्थ सुसस्कृत र सभ्य समाजको निर्माण गर्दै समृद्ध पालिका समेत बनाउन सकिन्छ ।

विकासका सम्भावित अवसर र चुनौतिहरूलाई सामाजिक न्याय, क्षेत्रीय संन्तुलन आवश्यकता र प्राथमिकताको आधारमा वितरण प्रणालिको साथै उपलब्ध साधन श्रोत न्यायोचित वितरण र कार्यान्वयन गर्न आवश्यक देखिएकोले सन्तुलित विकासको निम्ती निर्दिष्ट नीतिहरु अवलम्वन गरी आ.व. २०८३/०८४ को झिमरुक गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेट तर्जुमा गरीएको वेहोरा यस गरीमामय सभा समक्ष पेस गर्ने अनुमति चाहान्छु ।

सभाका सदस्यज्यूहरु,

हाम्रा आवश्यकताहरु असिमित छन् तर वजेटको आकार सानो र सिमित छ तैपनि हामी सँग जे जतिछ, त्यसैको विचबाट आवश्यकता र प्राथमिकताको आधारमा समृद्ध झिमरुक बनाउने उद्धेश्यले राजनैतिक तथा सामाजिक व्यक्तित्वहरु, वुद्धिजिविहरु, पेसा व्यवसायीहरु र सरोकारवाला सवैले दिएको सुझाव सल्लाहहरुलाई समेटेर नीति

तथा कार्यक्रम र बजेट वनाईएको छ। जसअनुसार २०८३ असार ८ गते आ.व २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै गर्वको अनुभूति भएको छ ।

नीति तथा कार्यक्रम वनाउँदा निम्न अनुसार मापदण्डमा रही बनाएको वेहोरा सबैको सामु राख्न चाहन्छु ।
१. स्थानीय तहको एकल तथा साझा अधिकारको सूचीमा टेकेर,

२. संविधानमा उल्लेखित राज्यको उद्धेश्य, नीतिहरु, मार्ग निर्देशक सिद्धान्तहरु र मौलिक हकलाई समेत आत्मसाथ गरेर,

३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र गाउँपालिकाले वनाएका ऐन, नियम, मापदण्ड र कार्यविधिहरुको मर्म र उद्धेश्यमा टेकेर,

४. संघीय, प्रदेश र स्थानीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरुमा टेकेर,

५. तिनै तहका सरकारहरुले अवलम्वन गरेका आर्थिक तथा वित्तीय नीतिहरुलाई आधार मानेर,

६. नेपालले अन्तराष्ट्रिय जगतमा गरेका प्रतिवद्धताहरु,

७. संघीय तथा प्रदेश सरकारका क्षेत्रगत नीति, रणनीति योजना तथा अध्ययन प्रतिवेदनहरुलाई आधार मानेर,

८. समपूरक, विशेष, सशर्त अनुदान र सह लगानी सम्वन्धी कार्यविधिमा टेकेर,

९. दिगो विकास लक्ष्य, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, पोषण सुरक्षा, लैङ्गिक सशक्तीकरण, पूर्ण सरसफाइ, पूर्ण खोप फोहोरमैला व्यवस्थापन र समृद्ध झिमरुकको विषयलाई केन्द्रमा राखेर,

१०. सिमीत श्रोत साधनको वीचबाट आवश्यकता औचित्यता पुष्टि हुने गरी ।

सभाका सदस्यज्यूहरु ,

नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्र, समानुपातिक समावेशी प्रतिनिधित्व, समतामूलक समाज, तीन खम्बे आर्थिक नीति, समाजवाद उन्मुख अर्थतन्त्र, सबै प्रकारका भेदभाव मुक्त समाज, नागरीक स्वतन्त्रता लगायतका मौलिक हकहरुको कार्यान्वयन एवम् कानुनी राज्यको मूल्य मान्यतालाई स्थापित गर्ने नीति अख्तियार गरीनेछ ।

गाउँपालिकाको आवश्यकता परिपूर्ति गर्न शिक्षा, स्वास्थ्य, कृषि तथा पशुपन्छी, पूर्वाधार, पर्यटन, उद्योग, खानेपानी जस्ता क्षेत्रलाई उच्च प्राथमिकतामा राखी प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गरीएको छ ।

संघीय सरकार, प्रदेश सरकार र झिमरुक गाउँपालिका बिच सहकार्य, समन्वय तथा सहअस्तित्वका आधारमा समपूरक तथा विशेष योजनाहरु सञ्चालन गर्ने कार्यलाई प्राथमिकता दिई बजेटको सुनिश्चितता गरीनेछ ।

अन्तरपालिका वीच सहकार्य गरी विकासका कार्यहरु अगाडि बढाई पालिका वीचको अन्तरसम्बन्धलाई अझ मजबुत वनाइने नीति अंगिकार गरीने छ ।

दिगो विकासका लक्ष्यहरुलाई स्थानीयकरणका लागि आवश्यक नीति तथा कार्ययोजना तयार गरी लक्ष्य पुरा गर्नका लागि क्षेत्रहरुको पहिचान गरी कार्यक्रम कार्यान्वयन गरीनेछ ।

"हाम्रो झिमरुक, राम्रो झिमरुक" भन्ने दीर्घकालीन लक्ष्य लिई समग्र झिमरुकको आर्थिक, सामाजिक विकासको लागि आ.व. २०८३/८४ मा बजेट विनियोजन गरीनेछ । यस झिमरुक गाउँपालिकामा विकास निर्माणका कार्यहरुलाई प्रभावकारी वनाउन र सम्पूर्ण जनताको पहूँच पूर्याउनका लागि हाम्रो विकास नीति समतामूलक हुनेछ । विकासलाई पहुँचका आधारमा नभई आवश्यकताको आधारमा अगाडि वढाइने छ ।

सभाका सदस्यज्यूहरु ,

अब म पूर्वाधार विकास तर्फका क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

भौतिक पूर्वाधार, सडक, पुल, आवास र उर्जा

१. आगामी स्थानीय तह निर्वाचनपूर्व नै सम्पन्न हुनेगरी अधुरा र रणनीतिक रुपमा महत्वपूर्ण मानिएका कार्यक्रम/आयोजना सम्पन्न गरीनेछ। यस आ.व मा सञ्चालित वहुवर्षीय आयोजनाहरु निरन्तर अगाडि वढ्ने छन् । हालसम्म सम्पन्न भएका कार्यक्रम/आयोजनालाई कार्यसम्पन्न गरी सोको प्रचार प्रसार गर्ने व्यवस्था मिलाईने छ।

२. विगत १० वर्षअघि ठेक्का सम्झौता भएर पनि विभिन्न कारणले अन्यौलग्रस्त अवस्थामा रहेको वारदुला-मच्छी-भिमगिठे सडक खण्डको निर्माण कार्यलाई द्रुत गतिमा अगाडि बढाउन झिमरुक गाउँपालिकाले विशेष अग्रसरता लिँदै संघ र प्रदेश सरकारसँगको लागत साझेदारी (समपूरक कोष) को विकल्प अघि सारेपछि गत आर्थिक वर्ष २०८१/८२ मा बतासेडाँडादेखि ज्यामुरखोलासम्म ब्याककटिङ्ग र आरसीसी वाल निर्माणको कार्य सफलतापूर्वक सम्पन्न भइसकेको छ । सोही सडक लाई निरन्तरता स्वरूप चालु आर्थिक वर्ष २०८२/८३ मा वहुवर्षीय आयोजनाको रुपमा बतासेडाँडादेखि घुम्नेठाटी खण्डमा कालोपत्रे गर्नको लागि ब्याक कटिङ्ग, नाली निर्माण तथा आरसीसी ढलानको कार्य धमाधम भइरहेको छ । यस सडकलाई दिगो र गुणस्तरीय रूपमा पूर्णता दिन आगामी आर्थिक वर्ष २०८३/८४ मा गाउँपालिका र संघको समपूरक आयोजना अन्तर्गत कालोपत्रे (पिच) तहमा बहुवर्षीय ठेक्का प्रक्रिया अगाडि बढाई निर्माण कार्यलाई तीव्रताका साथ अगाडि वढाईने छ।

३. वडा केन्द्रसँग जोडिएका ८ वटै वडाका सडकहरुको आ.व २०८३/८४ देखि स्तरउन्नती गरीनेछ। साथै एक वडा एक कालोपत्रे सडकलाई प्राथमिकतामा राखी वजेटको व्यवस्था मिलाईनेछ । अधुरो अवस्थामा रहेका सबै आयोजनाहरुलाई बजेटको सुनिश्चितता गर्दै कार्यान्वयन प्रक्रियालाई निरन्तरता दिइनेछ ।

४. योजना बैंकमा आधारीत रही योजना सञ्चालन गरीनेछ । पर्यटकीय स्थलहरुको पूर्वाधारहरु निर्माण गर्ने कार्यलाई निरन्तरता दिईने छ र आ.व २०८३/०८४ देखि एक वडा एक आन्तरिक पर्यटन गन्तव्यलाई पहिचान गरी मूर्तरुप दिईनेछ ।

५. सुरक्षित नागरीक आवास कार्यक्रम अन्तर्गत विपन्न परिवारका लागि खरको छानो र टायलको छानो विस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

६. गाउँपालिका भित्रका मुख्य-मुख्य आयोजनाहरुको विस्तृत पूर्व संभाव्यता अध्ययन गरीनेछ ।गाउँपालिकाको आवधिक योजना निर्माण तथा जग्गा वर्गीकरण कार्य आ.व २०८२/८३ मा सम्पन्न हुने भएकोले तुरुन्तै कार्यान्वयनमा ल्याईने छ ।

७. विभिन्न क्षेत्रबाट लागत साझेदारीका रुपमा सञ्चालन गर्नुपर्ने आयोजना तथा कार्यक्रमहरु सञ्चालनका लागि आवश्यक (म्याचिङ्ग फण्ड) बजेटको व्यवस्था गरीनेछ ।

८. गाउँपालिकाभित्र रहेका बजार क्षेत्र तथा मुख्य मुख्य सडकसँग जोडिएर बन्ने भवनहरूको लागि नक्सा पासलाई अनिवार्य गर्ने व्यवस्था मिलाइनेछ । सडक अधिकार क्षेत्र वरपर बनाईने जुनसुकै प्रकारका पक्की संरचनाहरु निर्धारित मापदण्डभित्र रही वनाउनु पर्ने नीतिलाई कडाईकासाथ लागु गरीनेछ । झिमरुक, गर्तङ र हुँगाड नदीको आसपासमा पक्की संरचना वनाउँदा मापदण्ड तोकिने छ ।

९. प्रदेश समपूरक साझेदारीमा निर्माण कार्य भईरहेक झिमरुक रिङ्गरोड स्तरोउन्नति र जेम्मुरखोला मच्छी ढाँड हल्ते वादीकोट चिप्लेटी वडा नं ५,३ र २ वडाकार्यालय पहुँचमार्ग स्तरउन्नती गर्ने कार्य भैरहेको छ ।रिङ्गरोड निर्माणको लागि प्राथमिकता दिईने छ ।

१०. आगामी आर्थिक वर्ष वहुवर्षीय ठेक्का मार्फत वडा कार्यालय सम्म सडक पक्की वनाईने छ । पालिका र प्रत्येक वडामा १/१ गौरवका आयोजना छनौट गरी कार्यान्वयन गरीने छ ।

११. गाउँपालिकाभित्र रहेका विभिन्न जीर्ण खानेपानी,सडक, शौचालय तथा सिचाई कुलो मर्मत कार्य अगाडि वढाईने छ ।त्यसको लागि मर्मत सम्भार कोषको व्यवस्था गरीएको छ ।

१२. ढाँड,पिडाल्ने स्यालपाखा झिमरुक जलविद्युत आयोजना निर्माणको लागि गाउँपालिकाबाट आवश्यक पहल गरीनेछ ।

१३. निर्माण हुने विकासका पूर्वाधारहरुको गुणस्तरीयता र दिगोपना कायम गर्न जोड दिईने छ । साथै पूर्वाधारहरुको ईन्जिनियरिङ्ग सर्भे तथा गुणस्तर परीक्षणका उपकरणहरुको व्यवस्था मिलाइनेछ ।

१४. अतिक्रमित अवस्थामा रहेका सरकारी र सार्वजनिक जग्गा र उक्त जग्गामा रहेका घर, टहरा लगायतका संरचनालाई प्रकृया पूरा गरी खाली गर्न लगाईनेछ । सरकारी र सार्वजनिक जग्गा संरक्षण गरीनेछ ।

१५. मैनाके खेलकुद मैदानको आसपासमा रहेको सार्वजनिक जग्गा आवश्यक प्रकृया पूरागरी गाउँपालिकाको नाममा भोगाधिकार लिई वहुउद्धेश्यीय सभाहल सहितको कभर्डहल र खेलकुद मैदानको पूर्वाधार निर्माणमा जोड दिईनेछ ।

सञ्चार तथा सुचना प्रविधि

१६. गाउँपालिका अन्तरगतका सरकारी निकायहरुमा जडान गरीएको ईन्टरनेटको क्षमता वृद्धि गर्दै अनलाईन सेवा प्रणाली विस्तार गर्ने व्यवस्था मिलाईनेछ ।

१७. गाउँपालिका तथा इन्टरनेट पहुँच पुगेका वडा कार्यालयमा अनलाइन राजश्व प्रणाली सुरुवात गरीएको छ । राजश्व प्रशासनलाई थप प्रभावकारी र प्रविधिमैत्री बनाउन कर्मचारिहरुका लागि थप तालिमका साथै प्रविधि सुधार तथा क्षमता विकासमा लगानी गरीनेछ

ऊर्जा

१८. वैकल्पिक उर्जा प्रर्वद्धन केन्द्रसँग समन्वय गरी सौर्य सडक बत्ती जडान गर्न आवश्यक व्यवस्था मिलाईने छ ।यो कार्य अघि वढाउदा प्रत्येक वडा कार्यालय समेत केन्द्रीत गरी वजेटको व्यवस्था मिलाईनेछ ।

सभाका सदस्यज्यूहरु ,

अब म सामाजिक विकासतर्फका क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

स्वास्थ्य तथा पोषण

१९. नेपालको संविधानले स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ ।जनस्तरवाटै जनताको स्वास्थ्य स्तरमा सुधार ल्याउने उदेश्यले स्वास्थ्य क्षेत्रले हालसम्म हासिल गरेका उपलव्धिहरुलाई संस्थागत गर्दै अस्वस्थ्कर जीवनशैलिका कारण वढ्दो नसर्ने रोगको भारलाई न्यूनिकरण गर्न रोग लागे पछि उपचारमात्र होईन रोग लाग्नै नदिन समुदाय र स्वास्थ्य संस्था स्तरवाट स्वास्थ्य स्कृनिङ्ग परिक्षण गरी परामर्श सेवा, उपचारात्मक सेवा र प्रेषण सेवा प्रदान गर्ने व्यवस्था मिलाईने छ ।

२०. आर्थिक वर्ष २०७६/७७ देखि नरेन्द्र गायत्री आँखा अस्पताल, बिजुवारमार्फत ६० वर्षभन्दा माथिका ज्येष्ठ नागरीक र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई दिइँदै आएको निःशुल्क आँखा उपचार सुविधालाई आर्थिक वर्ष २०८३/०८४ मा पनि निरन्तरता दिइने छ।

२१. आफ्ना नागरिकको स्वास्थ्यप्रति संवेदनशील रहँदै झिमरुक गाउँपालिकाले मिर्गौला पीडित बिरामीहरूको जीवनरक्षा र सहज उपचारका लागि जिल्ला अस्पताललाई प्रदान गर्दै आएको डायलाइसिस अनुदान सहयोगलाई आत्मीयताका साथ आगामी आ.व. मा पनि निरन्तरता दिएको छ ।

२२. आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने अत्यावश्यक औषधिहरूको अभाव हुन नदिन आवश्यक व्यवस्था मिलाइने छ । साथै क्यान्सर, मुटु र मृगौला जस्ता दीर्घकालिन रोग लागेका विपन्न नागरीकहरूलाई औषधोपचारका लागि दिइँदै आएको आर्थिक सहायतालाई निरन्तरता दिइने छ।

२३. स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेको वडा नं ७ को कुतामा निर्माणाधीन सामुदायिक स्वास्थ्य एकाई भवनको काम सम्पन्न भईसकेको हुँदा आर्थिक वर्ष २०८३/८४ देखि सञ्चालनमा ल्याइने छ, साथै

गाउँबस्तीस्तरसम्म स्वास्थ्य सेवा पुऱ्याउन खोप तथा गाउँघर क्लिनिकहरूको भौतिक पूर्वाधार थप गर्दै तिनलाई अझ प्रभावकारी बनाइने छ।

२४. सुत्केरी हुन जाँदा र फर्कंदा लाग्ने यातायात खर्च बापत नेपाल सरकारले तोकेको रकममा गाउँपालिकाले थप गर्ने अनुदान सुविधालाई निरन्तरता दिइने छ । साथै घरमा सुत्केरी हुँदा हुने जोखिमका बारेमा समुदायस्तरमा सचेतीकरण कार्यक्रमहरू सञ्चालन गरीने छ।

२५. झिमरुक गाउँपालिकाका नागरीकहरूलाई सुलभ स्वास्थ्य सेवा उपलब्ध गराउन ओखरकोट स्वास्थ्य चौकीलाई १५ शैयाको अस्पतालमा स्तरोन्नति गर्न भवन निर्माण कार्य भइरहेकोले, सो निर्माण सम्पन्न भएपछि अस्पताल सञ्चालनमा ल्याइने छ । यसै आ.व देखि ओखरकोट स्वास्थ्य चौकीवाट आधारभुत चिकित्सकिय सेवा सञ्चालन गर्न एक जना एम.बी.बी.एस. (MBBS) डाक्टरको व्यवस्था मिलाइ सेवा सञ्चालनमा ल्याईनेछ।

२६. यस गाउँपालिकामा रहेको नागरीक आरोग्य सेवा केन्द्रबाट प्रदान गरीने आएको आर्युर्वेदिक स्वास्थ्य सेवालाई थप प्रभावकारी वनाउन आवश्यक औषधी र उपकरणको व्यवस्था मिलाईने छ ।

२७. गाउँपालिकाभित्र रहेका एच.आई.भि संक्रमितहरुको पोषण स्वास्थ्यमा सुधार ल्याउने र एच. आई.भि तथा एड्स सम्वन्धी सचेतना तथा लान्छना र विभेद न्यूनिकरण सम्वन्धी अभिमुखीकरण कार्यक्रमका लागि आवश्यक बजेटको प्रवन्ध मिलाईने छ।

२८. मानव स्वास्थ्यमा दिनप्रतिदिन वढ्दै गईरहेको प्रति जैविक प्रतिरोध क्षमताको समस्या रोकथाम गर्न सचेतिकरणका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईने छ ।

२९. झिमरुक गाउँपालिका र जर्मन संघीय आर्थिक सहयोग तथा विकास मन्त्रालय (GIZ) को द्विपक्षीय सहयोगमा सञ्चालन भईरहेको सामाजिक स्वास्थ्य सुरक्षा, स्वास्थ्य क्षेत्र सुशासन तथा व्यवस्थापन, डिजिटल स्वास्थ्य, र स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी संस्थागत क्षमता विकास परियोजनासँग सहकार्य गर्दै थप कार्यक्रमहरू कार्यान्वयन गरीनेछ।

३०. यौन तथा प्रजनन् स्वास्थ्य अधिकार, सुरक्षित गर्भपतन, सामाजिक भेदभाव न्यूनिकरण, लैगिक हिंसा न्यूनीकरण, जलवायु परिवर्तन र विपद व्यवस्थापनका क्षेत्रमा सुधार गर्न IPAS नेपाल र मल्लरानी ग्रामीण विकास सरोकार केन्द्र संग सहकार्य गरी साझेदारीमा कार्यक्रम सञ्चालन गरीनेछ।

३१. गुणस्तरिय स्वास्थ्य सेवाको पहुँच गाउँवस्तिस्तरसम्म पुर्याउनका लागि सुरक्षित मातृत्व,नवजात शिशु स्वास्थ्य, बाल स्वास्थ्य, प्रजनन स्वास्थ्य,पोषण स्वास्थ्य र परिवार योजना कार्यक्रमवाट आमा र वच्चाको स्वास्थ्यमा सुधार ल्याउन झिमरुक गाउँपालिका र कपिलवस्तु ईन्टिग्रेटेड डेभलपमेन्ट सर्भिसेस (KIDS) प्रोजेक्टसँग सहकार्य गरी एकीकृत रुपमा स्वास्थ्य संस्था र समुदाय केन्द्रीत कार्यक्रमहरू सञ्चालन गरीनेछ ।

३२. बहुक्षेत्रीय पोषण योजना तेस्रो (MSNP-III) लाई पालिकाको आवधिक तथा वार्षिक नीति र बजेटमा समावेश गरी प्रभावकारी रूपमा कार्यान्वयन गरीने छ। पालिका तथा वडा स्तरका पोषण र खाद्य सुरक्षा समितिहरूलाई सक्रिय बनाउँदै, पोषणमैत्री स्थानीय शासन (NFLG) अवलम्बन र घोषणाका लागि आवश्यक बजेट, स्रोत र बलियो अनुगमन प्रणालीको सुनिश्चितता गरीने छ।

३३. सुनौलो १००० दिनका गर्भवती, सुत्केरी महिला, बालबालिका तथा किशोरीहरूको पोषणस्तर सुधार गर्नका लागि पोषणमैत्री स्वास्थ्य संस्था (NFHF) को स्थापना, बाल वृद्धि अनुगमन, र स्तनपान प्रवर्द्धनका साथै सुरक्षित खानेपानी, सरसफाइ र स्वच्छता (WASH) सम्बन्धी कार्यक्रमहरूलाई एकीकृत रूपमा सञ्चालन गरिने छ।

३४. प्रत्येक घरधुरीमा करेसाबारी तथा पोषण बगैँचा प्रवर्द्धन गरी स्थानीय पोषणयुक्त खाद्य उत्पादन र उपभोगलाई प्रोत्साहन गरीने छ। साना किसान, महिला र विपन्न परिवारलाई कृषि विविधीकरणसँग जोडिने छ, साथै विद्यालयहरूमा पोषण शिक्षा, स्वास्थ्य प्रवर्द्धन, किशोरकिशोरी सचेतना र स्थानीय खाद्य पदार्थमा आधारित दिवा खाजा कार्यक्रमलाई प्राथमिकता दिइने छ।

३५. १००० दिनका आमा र विपन्न परिवारका लागि आयआर्जन अनुदान र जीविकोपार्जनका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरीने छ। महिला सशक्तीकरणका लागि सीप विकास, बालविवाह र लैङ्गिक विभेद न्यूनीकरणका कार्यक्रम चलाइने छ र पोषण सुधारका लागि विभिन्न विषयगत शाखाहरूबीच सहकार्य, लागत साझेदारी, र वार्षिक समीक्षा गरी सिकाइ आदानप्रदान गरीने छ।

शिक्षा, युवा तथा खेलकुद

३६. गाउँपालिकाको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) लाई तथ्यपरक, अद्यावधिक, विश्वसनीय तथा प्रमाणमा आधारित बनाइनेछ। शैक्षिक तथ्याङ्कको गुणस्तर अभिवृद्धि गर्दै योजना निर्माण, बजेट विनियोजन, अनुगमन तथा प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाइनेछ।

३७. विद्यालयको सुरक्षित, समावेशी, बालमैत्री तथा सिकाइमैत्री वातावरण निर्माणका लागि आवश्यकता आधारित विद्यालय भौतिक पूर्वाधार विकास योजना तयार गरी कक्षाकोठा, शौचालय, खानेपानी, पुस्तकालय, विज्ञान प्रयोगशाला, सूचना प्रविधि प्रयोगशाला तथा खेलकुद पूर्वाधारको क्रमिक विकास गरीनेछ। यसै आ.व.मा २ वटा ४ कोठे विद्यालय भवनहरुको निर्माण कार्य सम्पन्न हुदैछ साथै नयाँ भवन निर्माण र पुराना विद्यालयहरुको भौतिक पूर्वाधारको मर्मत सम्भार गरीनेछ।

३८. सिकाइ सहजीकरण प्रक्रियालाई प्रभावकारी बनाउन शिक्षकहरुको पेसागत विकास तथा विद्यार्थी उत्प्रेरणाका कार्यक्रमहरु ल्याइनेछ।

३९. कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम (हाम्रो झिमरुक) निर्माण भई यस शैक्षिक सत्र सम्म कक्षा ५ सम्म लागु गरीएकोमा यो शैक्षिक सत्रदेखि कक्षा ६-८ सम्म कार्यान्वयनमा लैजान आवश्यक पर्ने पाठ्यपुस्तक तथा अन्य शैक्षिक समाग्रीहरुको व्यवस्थापन गरीएको छ।

४०. सामुदायिक विद्यालयहरूमा रहेको शिक्षक दरबन्दीको असमान वितरणलाई व्यवस्थित गर्न विद्यालय तथा शिक्षक-कर्मचारीहरूको दरबन्दी मिलान कार्यलाई अध्यावधिक गर्नुका साथै आवश्यकता अनुसार विद्यालय समायोजन (मर्ज) र दरबन्दी मिलानलाई प्राथमिकताका साथ कार्यान्वयन गरी उपलब्ध शैक्षिक स्रोत र जनशक्तिको न्यायोचित एवं प्रभावकारी उपयोग सुनिश्चित गरिनेछ।

४१. सबै विद्यालयहरुलाई प्रविधिमैत्री वनाउन ठोस खाका तयार पारिने छ। विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्दै डिजिटल सिकाइ, प्रविधिमैत्री शिक्षण तथा डिजिटल शैक्षिक सामग्रीको

उपयोगलाई प्रोत्साहन गरीनेछ। विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको पहुँच अभिवृद्धि गरी यसलाई शैक्षिक गुणस्तर,अभिवृद्धिको अभिन्न अंग बनाइनेछ।

४२. खेल क्षेत्रको विकास र विस्तारका लागि खेलकुद संरचना निर्माण तथा खेलकुद प्रतियोगिता सञ्चालन गरीने छ। यसबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न योग्य युवा खेलाडी तयार हुने तथा खेलको माध्यमबाट झिमरुकको गरीमा बढ्ने अपेक्षा गरीएको छ साथै १ वार्ड १ खेलकुद मैदानको विकास र विस्तारको लागि ठोस योजना वनाएर कार्यान्वयन गरीने छ ।

४३. प्रारम्भिक बालविकास तथा शिक्षा (ECD) लाई विद्यालय शिक्षाको आधारस्तम्भका रूपमा विकास गर्दै बालविकास केन्द्रहरूको गुणस्तर सुधार, बसाइ तथा सिकाइ कुनाको व्यवस्थापन र शिक्षक क्षमता विकासमा जोड दिइनेछ।

४४. विद्यार्थीहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यालयहरुको संस्थागत क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरीनेछ। शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति तथा अभिभावकहरूको क्षमता विकास गर्दै विद्यालय सुशासन, नतिजामुखी व्यवस्थापन तथा जवाफदेहिता प्रणालीलाई सुदृढ गरीनेछ।

४५. शिक्षाको गुणस्तर वृद्धि गर्नको लागि शिक्षक दरबन्दी कम भएका विद्यालयहरुलाई शिक्षक अनुदान रकम दिने व्यवस्थालाई आवश्यकता र औचित्यका आधारमा निरन्तता दिइने छ। गौमुखी बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई निःशुल्क अध्ययनको लागि आवश्यक बजेटको व्यवस्था हुदै आएकोमा विश्वविद्यालय अनुदान आयोगवाट प्राप्त अनुदान,अन्य आन्तरिक स्रोत,निरन्तर अध्ययनरत विद्यार्थी संख्या र परिक्षामा सहभागी विद्यार्थी संख्यालाई आधारमानी आवश्यकता अनुसार अनुदान रकमलाई निरन्तरता दिईने छ।

४६. सामुदायिक सिकाई केन्द्रमा काम गर्ने सामाजिकपरिचालकहरुलाई पोशाक भत्ताको व्यवस्था मिलाईने छ ।

४७. उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थी, शिक्षक तथा विद्यालयहरुलाई पुरस्कृत तथा सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

४८. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ को पूर्ण कार्यान्वयनका लागि २०८४ चैत्र मसान्तभित्र गाउँपालिका क्षेत्रभित्रका सबै बालबालिकालाई आधारभूत शिक्षाको पहुँचमा ल्याइनेछ। विद्यालयबाहिर रहेका बालबालिकाको पहिचान, भर्ना, पुनःभर्ना तथा निरन्तर सिकाइ सुनिश्चित गर्न विशेष अभियान सञ्चालन गरीनेछ।

४९. समुदायमा रहेका अभिभावक विहिन, अपाङ्गता भएका , विपन्न, दलित, जनजाति, अल्पसंख्यक, सीमान्तकृत समुदाय तथा अन्य जोखिममा रहेका बालबालिकाको शिक्षामा समान पहुँच र सहभागिता सुनिश्चित गर्दै समावेशी शिक्षा प्रवर्द्धन गरीनेछ।

५०. विशेष आवश्यकता भएका बालबालिकाका लागि आवश्यक सिकाइ सामग्री, सहायक उपकरण, पहुँचयुक्त भौतिक संरचना तथा आवश्यक सहयोगी सेवाको व्यवस्था गर्दै समावेशी सिकाइ वातावरण सुदृढ

गरीनेछ। विपन्न वर्गका परिवारका बालबालिकाहरुलाई छात्रवृत्ती सहयोगमा प्राविधिक शिक्षा अध्ययनको व्यवस्थालाई निरन्तरता दिइने छ।

५१. शैक्षिक सुशासन, पारदर्शिता तथा सार्वजनिक उत्तरदायित्व अभिवृद्धिका लागि नियमित अनुगमन, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा विद्यालय सुधार योजनाको प्रभावकारी कार्यान्वयन गरीनेछ।

खानेपानी तथा सरसफाई

५२. लिफ्ट खानेपानी आयोजनाहरूको विद्युतीय महसुलमा गाउँपालिकाले दिँदै आएको ५० प्रतिशत अनुदानलाई निरन्तरता दिइने छ। साथै प्रत्येक घरधुरीमा सुरक्षित खानेपानी पुऱ्याउन '१ घर १ धारा' अभियान अन्तर्गत खानेपानी योजनाहरूको निर्माण र सञ्चालित खानेपानि योजनाहरुको नियमित मर्मत-सम्भार गरीने छ।

५३. दिगो विकासको लक्ष्य अनुरूप 'वास प्लान' (WASH Plan) लाई अध्यावधिक गरी सोही अनुसार योजनाहरू कार्यान्वयन गरीने छ। उपभोक्ताहरूलाई स्वच्छ पानी उपलब्ध गराउन समुदायस्तरमै पानीको गुणस्तर परीक्षण गर्ने व्यवस्था मिलाउनुका साथै जलस्रोत तथा मुहान दर्ता कार्यलाई निरन्तरता दिइने छ।

५४. विद्यालय, सामुदायिक संस्था र समुदायस्तरमा सरसफाइ तथा स्वच्छता सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरीने छ। साथै, खानेपानी आयोजनाहरूको दिगो सञ्चालन र मर्मत-सम्भारका लागि स्थानीयस्तरमै दक्ष जनशक्ति उत्पादन गर्न तालिमहरू आयोजना गरीने छ।

५५. नेवा र झिमरुक गाउँपालिकाको साझेदारीमा काउले गडेरपानी खा.पा, दारिमचौर खा.पा र चुँधारा फेदी टारी खा.पा आयोजनाको निर्माण कार्य आगामी आ.व मा सम्पन्न गरीने छ ।

पञ्जीकरण सेवा एकाईतर्फ

५६. वडा सचिव र सम्वन्धीत कर्मचारीहरुलाई व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्वन्धी अभिमुखीकरण तालिमको व्यवस्था मिलाईने छ । बैकहरुसँग समन्वय गरी सामाजिक सुरक्षा भत्ता बस्ति स्तरबाट वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

५७. पन्जीकरणसँग सम्वन्धीत समस्या तथा कठिनाईहरुलाई सहजीकरण गर्न राष्टिय परिचयपत्र तथा पन्जिकरण विभागसँग समन्वय गर्ने व्यवस्था मिलाईने छ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, सांस्कृतिक प्रवर्द्धन

५८. नेपालको संविधानको धारा १८ (समानताको हक), धारा ३८ (महिलाको हक),धारा ३९ वालवालिकाको हक,धारा ४० दलितको हक,धारा ४१ जेष्ठ नागरीकको हक ,धारा ४२ (सामाजिक न्यायको हक) र धारा ४३ सामाजिक सुरक्षाको हकले परिकल्पना गरे अनुसार स्थानीय तहमा बसोबास गर्ने सबै नागरीक, विशेष गरी महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक, र आर्थिक रूपले विपन्न

समुदायको समान पहुँच, सहभागिता र सशक्तीकरण सुनिश्चित गर्ने गरी प्रभावकारी रुपमा योजना तथा कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्वन गरीनेछ ।

५९. "झिमरुकको शान, लक्षित वर्गको सशक्तीकरण तथा सम्मान" को नीति अनुरुप लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि सम्वन्धीत वर्गहरुको समानता एवं उत्थान गर्न सम्मान कार्यक्रम, क्षमता विकास कार्यक्रम, चेतनामूलक कार्यक्रम, आयमूलक एवं रोजगारमूलक कार्यक्रमहरु सञ्चालन गरी सम्बद्ध संस्था एवं सेवा प्रदायक संस्थाहरुसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गरीनेछ ।

६०. गाउँपालिकाको लैगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण जेडसि अडिट (GEDSI AUDIT) गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ । लैगिक समानता तथा सामाजिक समावेशीकरण लाई संस्थागत सहभागीता अभिवृद्धि गर्न यस सम्वन्धि नीति निर्माण गरीनेछ ।

६१. मानव विकास सूचकाङ्कको आधारमा पछाडी परेका वर्ग र समुदायको सशक्तिकरण गर्दै आर्थिक तथा सामाजिक रूपान्तरणको लागि लक्षित वर्गका कार्यक्रमहरु सञ्चालन गरीनेछ। प्रत्येक वडावाट २ जनाको दरले १६ जनालाई सीप तथा क्षमता विकास तालिम सञ्चालन गरी गाउँपालिका भित्र रोजगारी श्रृजना गर्ने तर्फ प्राथमिकताकासाथ कार्य योजना बनाईने छ ।

६२. ४५ वर्ष माथिका एकल महिलालाई मासिक भत्ताको व्यवस्था कार्यक्रमलाई निरन्तरता दिईने छ । ज्येष्ठ नागरीकको ज्ञान, सीप र अनुभवलाई पालिका क्षेत्रको विकासमा प्रयोग गर्न पालिकाबाट ज्येष्ठ नागरीक लक्षित कार्यक्रमलाई थप प्रभावकारी बनाईने छ। ज्येष्ठ नागरीकको संरक्षण गर्न ज्येष्ठ नागरीक कल्याणकोषलाई व्यवस्थित गरीनेछ ।

६३. महिलाहरुलाई आत्मनिर्भर वनाउन मैनवत्ती वनाउने,अगरवत्ती वनाउने,वासको मुडा वनाउने र पञ्चेबाजा वजाउने लगायतका सीपमुलक तालिमहरु सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

६४. बालबालिका तथा किशोर-किशोरीहरुलाई सबै प्रकारका हिंसा, दुर्व्यवहार र शोषणवाट मुक्त गराउँदै उनीहरुको हक अधिकार प्रयोग गर्न योग्य र सक्षम नागरीकको रुपमा विकास गर्ने गरी कार्यक्रम सञ्चालन गरीनेछ । अपाङ्गता भएका व्यक्तिहरुको कार्यक्षमताको आधारमा सम्मान र सहयोग गरीनेछ साथै अपाङ्ग लक्षित कार्यक्रम सञ्चालन गरीनेछ ।

६५. महिला हिंसा, जातीय भेदभाव तथा छुवाछुत जस्ता कुरीतिहरुलाई न्यूनीकरण गरी सामाजिक सद्भाव कायम गर्न लैगिक समानताको लागि शसक्तीकरणमा जोड दिईने छ

६६. नयाँ निर्माण हुने सार्वजनिक पूर्वाधारहरुलाई बालमैत्री, ज्येष्ठ नागरीकमैत्री, अपाङ्गतामैत्री हुने गरी निर्माण गरीनेछ साथै लैङ्गिक समानता सामाजिक समावेशीकरण प्रवलीकरणको नीति अबलम्वन गरीने छ ।

६७. बालविवाह, बालश्रम, घरेलु हिंसा, लैगिक हिंसा न्यूनिकरणका कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि वढाइने छ । साथै सवै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलताको नीति लिईनेछ । लैंगिक हिंसा निवारण कोषलाई व्यवस्थित गरी प्रभावकारी रुपमा कार्यान्वयन गरीनेछ

६८. झिमरुक गाउँपालिकाभित्र रहेका कोट घर तथा देवस्थल,चर्च र आत्म ज्ञान केन्द्रहरुलाई धार्मिक आस्था तथा पर्यटकीय स्थलको रुपमा विकास गरी प्रचार प्रसार तथा प्रर्वद्धनमा जोड दिइनेछ र मागको आधारमा पुजाआजा खर्चको लागि आवश्यक बजेटको व्यवस्था मिलाइनेछ ।

६९. विभिन्न पर्वहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्न, धार्मिक क्षेत्रहरुको मौलिकता तथा ऐतिहासिक महत्वको उजागर गर्दै यस क्षेत्रको संस्कृति प्रर्वद्धन गरी हाम्रो संस्कृति हाम्रो पहिचानको अवधारणको नीति लिइने छ । परम्परागत पर्व तथा संस्कृति संरक्षणको लागि आवश्यक बजेट व्यवस्था गरीनेछ ।

७०. स्थानीय मौलिक एवं प्राचीन वास्तुकला प्रवर्द्धन गर्न स्थानीय निर्माण सामग्री प्रयोग गरी सुरक्षित घर निर्माण गर्ने कार्यलाई प्रोत्साहन गरीनेछ। गाउँपालिकाभित्रको संस्कृति झल्किने गरी विभिन्न जातजाति तथा भेषभुषा समेट्ने खालका कार्यक्रमलाई निरन्तरता दिइने छ ।

सभाका सदस्यज्यूहरु ,

अब म आर्थिक विकास तर्फका क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

कृषि तथा पशुपन्छी विकास

७१. झिमरुक गाउँपालिकाका कृषकहरूको वास्तविक अवस्था पहिचान गर्न कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क सङ्कलन कार्यलाई अगाडि बढाइनुका साथै किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिएर यसअघि छुट्न गएका सम्पूर्ण कृषकहरूलाई समेत यसै प्रणालीमा समावेश गरी पालिकाको एकीकृत कृषक तथ्याङ्कलाई अध्यावधिक गरिनेछ।

७२. बाली बिरुवामा महामारीको रुपमा देखा पर्ने रोग तथा किराको प्रकोपलाई नियन्त्रणका लागि निशुल्क रुपमा रासायनिक विषादी वितरणको व्यवस्था मिलाईनेछ ।

७३. व्यावसायिक आलुको उत्पादनलाई प्रवर्द्धन तथा बजारीकरण गर्नका लागि आलु पकेट विकास कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाईनेछ। रैथाने बालीको प्रवर्द्धन तथा विकासको लागि रैथाने बाली प्रवर्द्धन कार्यक्रम संचालन गरीनेछ।

७४. कृषकवाट उत्पादित कृषिजन्य उपजलाई बिक्री वितरणका लागि कृषि हाटबजार केन्द्र पूर्णरुपमा सञ्चालन गरीनेछ।

७५. वडा नं. ५ मा रहेको चिस्यान केन्द्रमा आवश्यक मेशीन उपकरण तथा अन्य आवश्यक पूर्वाधार निर्माण गरी यसै आ.व मा सञ्चालनमा ल्याइनेछ । कृषिमा व्यवसायिकतालाई प्रोत्साहन गरीने छ । कृषि उपजको बजारीकरणको लागि आवश्यक सहजीकरण गर्ने नीति लिइने छ ।

७६. उत्पादन र उत्पादकत्व वृद्धिका लागि प्रविधिको अधिकतम प्रयोग, माटोको गुणस्तर कायम, प्रर्याप्त मलखाद, सिंचाईको उपलब्धता तथा उन्नत विउ विजनको प्रयोगलाई प्राथमिकता दिइनेछ । अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिलाई सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गरी कृषक पेन्सन कार्यक्रमलाई अगाडि बढाईनेछ।

७७. खाद्यान्न बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नका लागि उन्नत बिउ उपयोगमा मूल्य अनुदान कार्यक्रम सञ्चालन गरी कृषकहरुको मागको आधारमा वितरण गरीनेछ। कृषकहरुको माग र आवश्यकतालाई ध्यानमा अनुदानमा विभिन्न तरकारी बालीका बिउविजनहरु समेत वितरण गरीनेछ।

७८. कफि,ड्रयागन र स्याउ खेतिलाई प्रर्वद्धन गरी आयआर्जन संग जोड्नको लागि आवश्यक वजेटको व्यवस्था मिलाईने छ ।

७९. नस्ल सुधार गर्न कृत्रिम गर्भाधान सेवाको पहुँच विस्तार गरी पशुधनको उत्पादकत्व वृद्धि गरीनेछ। पशुमा लाग्ने संक्रामक तथा महामारीजन्य रोगहरूको रोकथाम र नियन्त्रणका लागि नियमित खोप तथा निगरानी कार्यक्रम सञ्चालन गरीनेछ। पशु स्वास्थ्य सेवा सहज र प्रभावकारी बनाउन औषधी उपचार सेवाहरू सञ्चालन गरीनेछ।

८०. पशु आहार व्यवस्थापन तथा उत्पादन लागत न्यूनीकरणका लागि घाँसेबाली विकास तथा उन्नत चरन व्यवस्थापन कार्यक्रम सञ्चालन गरीनेछ। व्यावसायिक पशुपालक किसान, सहकारी तथा कृषक समूहहरूको क्षमता अभिवृद्धिका लागि तालिम तथा प्राविधिक सेवा प्रदान गरीनेछ। कुकुरहरुमा रेबिज नियन्त्रण कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरीनेछ।

८१. पशुपालक किसानको सेवामा सहज पहुँच सुनिश्चित गर्न पशु सेवा केन्द्र स्थापना तथा सुदृढीकरण गरीनेछ। उत्पादन बृद्धि र किसानको आम्दानी बढाउन पशु प्रवर्द्धन कार्यक्रम सन्चालन गरीनेछ। पशुपालन व्यवसायलाई व्यावसायिक, उत्पादनमुखी तथा उद्यमशील बनाइ आयआर्जन र रोजगारी अभिवृद्धि गरीनेछ।

लघु उद्यम विकास, सहकारी, पर्यटन र रोजगारी

८२. लघु तथा घरेलु उद्यमीहरुलाई सम्भव भएसम्म समूहमा आबद्ध गरी उद्यमशिलता तथा सीप विकास तालिम उपयुक्त प्रविधिको छनोट उत्पादन व्यवस्थापन पूँजीमा पहुँच र बजार व्यवस्थापनमा समेत सहयोग पुर्याउने नीति लिइनेछ । उद्यमशिल तालिम प्राप्त गरेका उद्यमिहरुलाई प्रविधि हस्तान्तरण अन्तर्गत विभिन्न कार्यक्रम सञ्चालन गर्ने नीति लिईने छ ।

८३. गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत विभिन्न सीप विकास तालिम, व्यवसायी प्रर्वद्धन कार्यक्रम सञ्चालन गरीनेछ । लघु उद्यम विकास कार्यक्रमका लागि अपुग बजेटको आवश्यक व्यवस्था मिलाईने छ ।साथै गरीवि निवारण कोषवाट परिचालन भएको लगानीलाई अध्यावधिक गरी आयआर्जन क्षेत्रमा लगानी गर्ने व्यवस्था मिलाईने छ ।

८४. स्थानीय तहमा स्वरोजगार सिर्जना गर्न जुत्ता-चप्पल उत्पादन, बाँस तथा चोयाँजन्य सामग्री प्रशोधन, साबुन, सरफ, अचार, चाउमिन र कोदोको बिस्कुट बनाउने जस्ता विभिन्न सीपमूलक कुटिर तथा घरेलु उद्योगहरू सञ्चालन गरी उद्यमशीलता प्रवर्द्धन गर्ने नीति लिइनेछ।

८५. गाउँपालिकाको क्षेत्राधिकार भित्र दर्ता भएका सहकारीहरुको वार्षिक एक पटक सघन अनुगमन गर्ने व्यवस्था मिलाईने छ। सघन अनुगमनवाट प्राप्त प्रतिवेदनको आधारमा सहकारी संस्थाहरुको व्यवस्थापकीय क्षमता

विकास, संस्थागत सुसासन तथा बचतकर्ताहरुको हित संरक्षण लगायतको विषयमा थप योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरीनेछ ।

८६. कृषि उत्पादन भण्डारण प्रशोधन तथा बजारीकरण र कृषि सामाग्रीको आपूर्ति व्यवस्थापनमा कृषि सहकारी संघ संस्थाहरुको संलग्नतालाई प्रोत्साहन गरीने छ ।

८७. झिमरुक गाउँपालिकाको सहकारी नीतिमा आवश्यक अध्ययन गरी परिमार्जन गर्दै लगिनेछ। झिमरुक गाउँपालिकाभित्र रहेका सम्पूर्ण सहकारी संस्थाहरुलाई व्यवस्थित रुपले सहजीकरण गर्न सहकारी सञ्जाल गठन भईसकेकोले सो को माध्यम वाट सहकारी गतिविधि अगाडि वढाईने छ ।

८८. सहकारीका पदाधिकारी व्यवस्थापक र कर्मचारीहरुको गुणस्तर तथा क्षमता अभिवृद्धिमा विशेष जोड दिइने छ ।गाउँपालिकाभित्र रहेका सम्पूर्ण सहकारी संस्थाहरुमा कोपोमिस प्रणाली अनिवार्य रुपमा आवद्ध गराईने छ ।लेखा व्यवस्थापन चुस्त बनाउन, सहकारी क्षेत्रमा नेतृत्व र वित्तीय विश्लेषण क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम कार्यक्रमको व्यवस्था मिलाइने छ।

८९. सहकारीहरुको माध्यमबाट उत्पादनशील क्रियाकलापमा संलग्न नागरीकहरुको पूँजी संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर सृजना गरी गरीबी न्यूनीकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

९०. गाउँपालिकाभित्र स्थापना हुने कृषि समूह, निजी फर्म र सहकारीहरुको दर्ता तथा नवीकरण कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ ।

९१. मापदण्ड विपरीत चलेका सहकारीहरुलाई नियमन र अनुगमन गरी नियमानुसार कारवाहीको प्रकृया अगाडि वढाईनेछ । सहकारी मूल्य, मान्यता, सिद्धान्त र कानून बमोजिम सञ्चालन हुने व्यवस्था मिलाईने छ ।

९२. गाउँपालिकाभित्र रहेका ऐतिहासिक धार्मिक सांस्कृतिक तथा भौगोलिक महत्वका पर्यटकीय स्थलहरुको बिकास संरक्षण संवर्द्धन तथा प्रचार प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटनलाई प्रर्वद्धन गरीनेछ ।विभिन्न जातजातिको धार्मिक, सांस्कृतिक पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरीनेछ।

९३. गाउँपालिकाभित्रका महत्वपूर्ण पर्यटकीय क्षेत्रमा पर्यटकीय सूचनालाई विद्युतीय सूचनामा आवद्ध गरी पर्यटन प्रवर्द्धन गरीनेछ । प्रसिद्ध धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक तथा जैविक विविधता समेतका दृष्टिले मनोरम प्राकृतिक क्षेत्रहरु, गुफा र पुरातात्विक कोटहरू जस्ता महत्वपूर्ण स्थानहरुको पर्यटन प्रवर्द्धन गर्ने कार्यलाई प्राथमिकता दिईने छ ।

९४. पर्यटन क्षेत्रको उत्थानको लागि आन्तरिक पर्यटन प्रवर्द्धन गर्न जोड दिईनेछ । ईस्नाथान पर्यटकीय पूर्वाधार निर्माण, ढाँड रक गार्डेन पूर्वाधार निर्माण कार्य अगाडि वढाईने छ । बाँदिकोट ओखरकोट कोटघर जस्ता पर्यटकीय क्षेत्रको पूर्वाधारहरूको डि.पि.आर.मा उल्लेख भए वमोजिम निर्माणको कार्य प्रारम्भ गरीनेछ । एक वडा एक पर्यटन गन्तव्यको विशेष कार्यक्रम वनाईने छ ।

९५. राष्टिय रोजगार प्रर्वद्धन कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ। युवा लक्षित रोजगारका अवसरहरु सृजना गर्नेतर्फ पहल गरीनेछ। स्थानीय रोजगार रणनीति तर्जुमा गरी रिटर्नी र बेरोजगार व्यक्तिहरुलाई रोजगारीका

अवसरहरुको खोजी गरीनेछ । श्रमलाई सीप र सीपलाई रोजगारसँग जोड्न आवश्यक कार्यक्रम संचालन गरीनेछ ।

९६. गाउँपालिकाबाट सञ्चालन हुने भौतिक पूर्वाधारका आयोजनाहरुमा आवश्यक निर्माण सामग्री गाउँपालिकाको स्रोतबाट व्यवस्था गरी मानवीय जनशक्ति राष्टिय रोजगार कार्यक्रमबाट परिचालन गर्ने गरी रोजगार कार्यक्रमसँग म्याचिङ्ग गर्ने कार्यक्रम कार्यान्वयनको नीति लिइने छ ।

९७. राष्टिय रोजगार कार्यक्रममा सूचीकृत बेरोजगारहरुलाई कार्यविधि अनुसार गा.पा.का मुख्य सडकहरुमा सडक मर्मतकर्ता (लेन्थवर्कर) खटाउने व्यवस्था मिलाईने छ ।

९८. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत गाउँपालिकाको साझेदारीमा उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्युनतम रोजगारी प्रत्याभूति, सीप विकास, उद्यमशीलता प्रवर्द्धन र पुनःएकीकरण सम्बन्धी क्रियाकलाप सन्चालन गरीनेछ।

९९. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको श्रम स्वीकृति र पुनःश्रम स्वीकृतिको लागि आवस्यक सहजीकरण गरीनेछ ।"श्रमको सम्मान राष्ट्रको अभियान" कार्यक्रम सञ्चालन गरीनेछ। श्रमबजारको माग अनुरुप युवा लक्षित सीप विकास तथा उद्यमशीलता कार्यक्रम सञ्चालन गरीनेछ

१००. यस गाउँपालिकाबाट वैदेशिक रोजगारीमा गएर फर्किएका श्रमिकको सामाजिक आर्थिक पुनःएकीकरण गर्न र युवा लक्षित श्रम रोजगार नीति अवलम्बन गर्न गाउँ कार्यपालिकाले गाउँपालिकाको श्रम तथा रोजगार नीति, २०८३ जारी गरी सोको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक कार्यक्रम तय गरीनेछ।

सभाका सदस्यज्यूहरु,

अब म वन, वातावरण, भूसंरक्षण तथा विपद् व्यवस्थापनतर्फका क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

वन, वातावरण, विपद् तथा फोहोरमैला र भू तथा जलाधार संरक्षण सम्वन्धि नीति

१०१. गाउँपालिकाभित्रका सबै वनको संरक्षण, डढेलो नियन्त्रण (सचेतना तथा उत्कृष्ट कार्य गर्ने समितिलाई पुरस्कार), र राष्ट्रिय/प्रदेश नीतिबारे स्थानीयस्तरमा सचेतना जगाइनेछ। सामुदायिक वन उपभोक्ता समितिलाई व्यवस्थित, पारदर्शी र सञ्चालकृत गर्दै वनबाट हुने आम्दानीलाई गरीबी निवारणमा लगानी गर्न प्रेरित गरीनेछ भने व्यक्तिगत जग्गाको रुख कटानलाई समन्वय र मापदण्ड अनुसार नियमन गरीनेछ।

१०२. झिमरुक नदी र गर्तङ्गखोला लगायतका क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरीनेछ र वातावरणीय प्रभाव मूल्याङ्कन (IEE) को मापदण्ड भित्र रही निकासीको व्यवस्था मिलाइनेछ। साथै, बजार, नदी, धार्मिक र सार्वजनिक स्थलमा फोहोर फाल्न पूर्ण प्रतिबन्ध लगाई जनचेतना, नियमन र करको दायरा मार्फत फोहोरमैला व्यवस्थापनलाई थप व्यवस्थित बनाइनेछ।

१०३. बाढी, पहिरो, हावाहुरी, आगलागि जस्ता विपद्को पूर्व तयारी, न्यूनीकरण र प्रतिकार्यका लागि वडा तथा टोल स्तरमा विपद् व्यवस्थापन समिति र कार्यदल गठन गरी तालिम दिइनेछ। वडा, प्रहरी चौकी र प्रमुख

टोलहरूमा आपतकालीन उद्धार सामग्री भण्डारण गर्नुका साथै गाउँपालिका र वडा तहसम्म आपतकालीन कार्यसञ्चालन केन्द्रको स्थापना, स्तरोन्नति र कृत्रिम अभ्यास तालिम सञ्चालन गरीनेछ।

१०४. सञ्चार माध्यमको प्रभावकारी उपयोग गरी समुदायस्तरसम्म विपद् सम्बन्धी सचेतना फैलाइनेछ। विपद् व्यवस्थापन कोषमा रकम अभाव हुन नदिन दातृ संस्था/व्यक्तिलाई प्रोत्साहित गरीनेछ भने विपद् जोखिम कार्यमा खटिने स्वयंसेवकहरूको संस्थागत परिचालन र सम्मान गरीनेछ। साथै, विपद् प्रभावित परिवारहरूलाई खोज, उद्धार, राहत, पुनर्निर्माण र पुनःस्थापनाको कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरीनेछ।

१०५. गाउँपालिका भित्रका जलाधार र पानीका मुहानहरूको पहिचान गरी संरक्षण गरीनेछ । जसका लागि रिचार्ज पोखरी निर्माण कार्यलाई निरन्तरता दिइनेछ। साथै, पहिरो र भूक्षयको जोखिम कम हुने गरी भौतिक संरचना निर्माण गरीनेछ भने प्लास्टिकजन्य वस्तुहरूको प्रयोगलाई निरुत्साहित गर्दै गाउँपालिकालाई क्रमशः प्लास्टिक मुक्त बनाइनेछ।

१०६. जग्गा किनबेच र कित्ताकाटको कार्यलाई सहज बनाउनका लागि जग्गाहरूको वर्गीकरण कार्य यसै वर्ष सम्पन्न गरी कार्यान्वयनमा ल्याईने गरीनेछ।

सभाका सदस्यज्यूहरु ,

अब म सार्वजनिक सेवा, संस्थागत क्षमता विकास, सुशासन र सुदृढिकरण तर्फका क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

सार्वजनिक सेवा प्रवाह तथा सुशासन प्रबर्द्धनः

१०७. स्थानीय सरकारमा जनप्रतिनिधिहरूको दोस्रो कार्यकालको अन्तिम वर्ष चलिरहेको सन्दर्भमा, आगामी आर्थिक वर्षमा गाउँपालिकाले गरेका राम्रा र उदाहरणीय कामहरूको सङ्कलन, प्रकाशन र प्रचार-प्रसार गर्दै यस वर्षलाई 'असल अभ्यास र सिकाइ आदानप्रदान वर्ष' को रूपमा प्राथमिकताका साथ मनाइनेछ।

१०८. सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरी सेवा प्रवाहलाई सरल,सहज र जवाफदेही बनाईने छ। गाउँपालिकामा रहेका प्रशासनिक र वित्तिय जोखिमहरुको पहिचान गरी व्यवस्थापन गर्न आन्तरिक नियन्त्रण प्रणाली अनुसार कार्ययोजना वनाई प्रभावकारी कार्यान्वयनमा ल्याईने छ।

१०९. स्थानीय निजामति कर्मचारी, विद्यालय शिक्षक तथा कर्मचारीहरुको पारिश्रमिकमा संघीय सरकारले तोकेवमोजिम वृद्धिहुने व्यवस्था मिलाईने छ ।कर्मचारीहरुको उत्प्रेरणा र मनोवल अभिवृद्धी गर्न कार्यसम्पादनका आधारमा प्रोत्साहन गर्न सकिने नीति अवलम्वन गरीने छ ।तोकिएको जिम्मेवारी तोकिएको समयमा पूरा गर्नेलाई प्रोत्साहन र नगर्ने राष्ट्रसेवक कर्मचारीलाई कारवाहीको दायरामा ल्याईने छ ।

११०. नागरीक वडापत्र, सोधपुछ कक्ष, नागरीक सहायता कक्ष, गुनासो सुन्ने अधिकारीको व्यवस्था भईसकेकोले सेवा प्रवाहको लागि गुनासो व्यवस्थापन लाई थप व्यवस्थित गरीनेछ ।

१११. सार्वजनिक सेवा प्रवाह तथा योजना र कार्यक्रम लाई नतिजामूलक बनाउन सूचकमा आधारित कार्य सम्पादन सम्झौता गरी प्रभावकारी रुपमा कार्यान्वयन गरीने छ ।

११२. एकीकृत सेवाहरुलाई प्राथमिकता दिई एकीकृत घुम्ती सेवा सञ्चालन गरी मानव स्वास्थ्य शिविर, पशु स्वास्थ्य शिविर, राजश्व संकलन, ज्येष्ठ नागरीक र अपाङ्गता परिचय पत्र वितरणका लागि समुदायस्तरवाट सेवा प्रवाह गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

११३. वित्तीय अनुशासन र सार्वजनिक जवाफदेहिता कायम गर्न र सार्वजनिक वित्त व्यवस्थापनमा थप प्रभावकारी बनाउन यस सम्बन्धी विभिन्न कानून, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड र दस्तावेजहरु तर्जुमा गरी कार्यान्वयन गरीनेछ।

११४. वित्तीय सुशासन, आन्तरिक नियन्त्रण प्रणाली, सार्वजनिक खरिद व्यवस्थापन तथा उत्तरदायित्व प्रणालीलाई थप प्रभावकारी बनाउँदै आगामी वर्षहरुमा बेरुजु न्यून हुने आधार तयार गरीनेछ। साथै गत विगतको वेरुजु रकमलाई प्राथमिकतामा राखी फछ्यौट गरीने छ ।

११५. गाउँपालिकामा वित्तीय अनुशासन, पारदर्शिता, जवाफदेहिता तथा सुशासन प्रवर्द्धन गर्न र महालेखा परीक्षकको प्रतिवेदन अनुसार देखिएका बेरुजुहरुलाई समयमै फर्छ्यौट गरी वित्तीय व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउन आगामी आर्थिक वर्षलाई "बेरुजु फर्स्यौट तथा वित्तीय सुशासन सुदृढीकरण वर्ष" का रुपमा कार्यान्वयन गरीनेछ।

११६. गाउँपालिका भित्र गठित उपभोक्ता समिति र टोल विकास संस्थाहरुलाई योजना सञ्चालन,प्रचलित ऐन,कानूनको पालना र योजना फरफारक सम्वन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी उपभोक्ता समिति र टोलविकास संस्थालाई जिम्मेवार वनाईने छ ।

११७. गाउँपालिका मातहतका सवै वडा कार्यालय,स्वास्थ्य चौकी,विद्यालय र वजार परिसरमा सि.सि क्यामरा जडान गर्ने कार्यलाई क्रमिक रुपमा विस्तार गर्दै लगिने छ ।

११८. आधारभूत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर सुनिश्चित गर्न उपभोक्ताहरूको समेत सहभागितामा नियमित रूपमा बजार अनुगमन गरीनेछ; साथै, विकास निर्माण र सेवा प्रवाहमा एकरूपता ल्याउन गैरसरकारी संघ-संस्थाहरूले गाउँपालिकाको अनुमति र नीति अनुरूप मात्र कार्यक्रम सञ्चालन गर्ने गरी एकद्वार प्रणाली अवलम्बन गरीनेछ।

११९. झिमरुक-१ सौतामारे, पोखराछेडामा त्रि-जिल्ला सिमा स्तम्भ नामाकरण गरी प्यूठान, गुल्मी र अर्घाखाँचीको संयुक्त लगानीमा सीमा स्तम्भ निर्माण गरीने छ ।

१२०. स्थानीय कानून कार्यान्वयन,गाउँपालिकाको सम्पतिको सुरक्षा र संरक्षण,अतिक्रमण नियन्त्रण,वजार अनुगमन,विपद व्यवस्थापन सम्वन्धी खोजी,उद्धार लगायतका काम गर्नको लागि नगर प्रहरी सेवा गठन गरी कार्यान्वयन गरीने छ ।

१२१. विकास निर्माणमा सबै पक्षको सहकार्य जुटाउन अन्तर-निकाय समन्वय बैठकहरू आयोजना गरीनेछ र अन्तर-सरकारी समन्वयलाई सहज बनाउन गाउँपालिकामा आवश्यक संरचना गठन गरीनेछ। छिमेकी स्थानीय तहहरूसँग समन्वयात्मक बैठक बसी प्राकृतिक स्रोतको उपयोग, पूर्वाधार निर्माण, वातावरण संरक्षण तथा फोहोरमैला र आपतकालीन सेवा व्यवस्थापन जस्ता साझा सरोकारका विषयमा सहकार्य गरीनेछ। यसरी सीमाना जोडिएका पालिका तथा अन्य निकायहरूसँगको बलियो साझेदारी मार्फत संयुक्त आयोजना तथा विकासका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरीनेछ।

कानून निर्माण तथा तथा न्यायसम्पादन सम्वन्धी नीति

१२२. कानूनको नजरमा सवै समान हुन्छन भन्ने सिद्धान्त अनुरुप मेलमिलापको माध्यमबाट छिटो छरितो तथा सर्वसुलभ रुपमा न्याय पाउने व्यवस्था मिलाईने छ ।प्रत्येक वडाहरुमा रहेका मेलमिलाप केन्द्रहरुलाई थप व्यवस्थित गर्दै लगिने छ ।मेलमिलाप कर्ताको लागि क्षमता विकास र प्रोत्साहन समेत गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

१२३. आवश्यकताको पहिचान गरी दैनिक कार्यसञ्चालनका लागि उपयुक्त ऐन,कानून,नियम,कार्यविधि,निर्देशिका तथा मापदण्ड निर्माण गरी लागु गरीनेछ ।कानून निर्माण भई पारित पश्चात सर्वसाधारण नागरीकको जानकारीका लागि राजपत्र प्रकाशन, सूचना पाटीमा टाँस, फेसवुक पेज ,गाउँपालिकाको वेवसाईट मार्फत जानकारी गराउने व्यवस्था मिलाईने छ ।

१२४. गाउँपालिकाले हालसम्म जारी गरेका कानूनहरु (राजपत्रमा प्रकाशन गर्नुपर्ने भनी तोकिएका कानुनी दस्तावेजहरु जस्तै ऐन, नियमावली, कार्यविधि, निर्देशिका, नीति, मापदण्ड तथा सूचना) लाई अद्यावधिक गरी प्रदेश तहमा रहने कानून अभिलेखिकरण प्रणालीमा प्रविष्टि गरीनेछ।

राजस्व तथा वित्तीय ब्यवस्थासम्वन्धी नीति

१२५. सबै किसिमका पेसा व्यवसायको सञ्चालनको दर्ता, नवीकरण, इजाजत र अनुमति दिने कार्यलाई छिटो, छरितो, सरल, पारदर्शी र करदातामैत्री बनाइनेछ । गाउँपालिकाको आन्तरिक स्रोत वृद्धिका लागि राजश्वका दायराहरुलाई फराकिलो बनाईनेछ साथै आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्री सम्बन्धी कानून बनाई राजश्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ ।

१२६. आन्तरिक आयका स्रोतहरूको सम्भाव्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैर सरकारी संस्थाको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैर सरकारी संस्था र विकास साझेदारसँग परामर्श, समन्वय, र साझेदारी गरीनेछ।

१२७. स्रोत साधनहरुको अधिकतम् परिचालन गरी गाउँपालिकाको आन्तरिक आय वृद्धिमा विशेष जोड दिइनेछ । गाउँपालिकाले संविधान तथा कानून बमोजिम असुल गर्ने राजश्व प्रशासनलाई न्यायोचित, पारदर्शी र वैज्ञानिक बनाउन आवश्यक प्रबन्ध मिलाईनेछ । समयमै कर तिर्ने करदातालाई दिइदै आएको कर छुटको व्यवस्थालाई निरन्तरता र नियमित तथा बढी कर तिर्ने करदातालाई पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ।

करदातालाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउन समग्र राजश्व प्रणालीलाई करदातामैत्री बनाइनेछ ।

१२८. झिमरुक गा.पाभित्र रहेका विभिन्न पेसा व्यवसायीहरुको दर्ता नवीकरण गर्दा वर्डा समितिको साथै उद्योग वाणिज्य संघ र होटल व्यवसायी संघको सिफारीसको आधारमा नवीकरण गर्ने व्यवस्था मिलाईने छ ।

तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन

१२९. पालिकामा तथ्याङ्क शाखा मार्फत पालिका प्रोफाईल तयार गर्न आवश्यक विभिन्न तथ्याङ्कहरु समय समयमा संकलन गरीनेछ। संकलित तथ्याङ्कहरुको व्यवस्थित अभिलेख व्यवस्थापनको लागि सूचना प्रविधिको प्रयोग गरीनेछ । योजना तथा कार्यक्रमहरुलाई तथ्याङ्कसँग आवद्ध गरीनेछ ।पालिका प्रोफाईल निर्माण गरी नियमित अद्यावधिक गर्ने नीति अवलम्वन गरीनेछ ।

अन्तमा,

सभाका सदस्यज्यूहरु,

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा कार्यमा सहयोग पूर्‍याउने राजश्व परामर्श समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एवं उपाध्यक्षज्यू, गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु,राष्टसेवक कर्मचारीहरु तथा विभिन्न बौद्धिक वर्ग प्रति हार्दिक आभार प्रकट गर्दछु । स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, राजश्व परामर्श समिति तथा अन्य विषयगत समितिहरुमा भएका छलफलका क्रममा उक्त समितिका सबै सदस्यहरुले दिनु भएका सुझावहरु आर्थिक ऐन तथा प्रस्तुत नीति तथा कार्यक्रम तयारीका लागि सहयोगी भएको जानकारी गराउँछु । छलफलको क्रममा आ–आफ्नो तर्फबाट सुझाव दिनुहुने बुद्धिजिवी, अर्थशास्त्री, कर्मचारीहरु निजी क्षेत्रका संघ संगठनहरु,नागरीक समाज तथा सामुदायिक संस्था, सामुदायिक संगठनहरु, पत्रकार र गाउँपालिकाबासी तथा गाउँपालिका बाहिर स्वदेश तथा विदेशमा रहनु भएका दिदीबहिनी, दाजुभाईहरु सबैलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

"हाम्रो झिमरुक, राम्रो झिमरुक" हामी सवैको चाहना हो। हामी यस चाहनालाई साकार पार्न गाउँपालिकाभित्रका सम्पूर्ण जनप्रतिनिधी, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी , सञ्चार जगत ,स्थानीय जन समुदाय, वुद्धिजिवी, समाजसेवी, नागरीक समाज, व्यवसायिक क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी क्षेत्र, शिक्षक, विद्यार्थी, सुरक्षाकर्मी , उपभोक्ता समितिहरु, स्वयंसेवक,आमा समूह लगायत झिमरुकको विकास ,प्रगति तथा समृद्धिको लागि निरन्तर चिन्तन मनन गर्ने सम्पूर्ण झिमरुकवासीहरु सबैको सहयोग, सहकार्य र सहभागिता साथै महत्वपूर्ण भूमिकाको अपेक्षा राखेको छु ।

सीमित स्रोत र साधनबाट एकै पटक सबै आवश्यकताहरु पुरा हुन सक्दैनन् तसर्थ वर्तमान वस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतिहरुको सामना गर्न हामी सबै कटिबद्ध, प्रतिबद्ध र एकताबद्ध बनौं । उज्वल भविष्य निर्माणको लागि आशावादी बनौं ।

धन्यवाद ! जय झिमरुक ।

पित बहादुर महतरा क्षेत्री
अध्यक्ष
झिमरुक गाउँपालिका, प्युठान
मिति २०८३/०३/०८ गते

झिमरुक गाउँपालिकाको आ.ब. २०८३/८४ को बजेट वक्तव्य

गाउँसभाका अध्यक्षज्यू, सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारी, पत्रकार मित्रहरु, सुरक्षाकर्मी साथीहरू तथा उपस्थित सम्पर्ण आदरणीय महानुभावहरु,

१. बजेट प्रस्तुतीकरको गौरवमय क्षण: नेपालको संविधानको धारा २३० ले दिएको अधिकार प्रयोग गर्दै, झिमरुक गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक एवं उपाध्यक्षको हैसियतले यस गरिमामय सभा समक्ष आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेट प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त गौरवको अनुभूति भएको छ।

२. सहिदप्रति श्रद्धाञ्जली र अग्रजहरूको सम्मान: यस ऐतिहासिक घडीमा, नेपालमा समाजवाद उन्मुख लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न तथा नागरिकको हक-अधिकार र समृद्धिका लागि आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, जनआन्दोलनका घाइते, अपाङ्ग र बेपत्ता नागरिकका परिवारजन प्रति उच्च सहानुभूति प्रकट गर्दै, देश र समाज रूपान्तरणको नेतृत्व गर्नुहुने सम्पूर्ण आदरणीय अग्रजहरूमा हार्दिक सम्मान व्यक्त गर्दछु।

३. बजेट निर्माणका मार्गदर्शन र सरोकारवालाका सुझाव: प्रस्तुत बजेटलाई हामीले नेपालको संविधानका निर्देशक सिद्धान्त, संघीय र प्रदेश सरकारका नीति, दिगो विकासका लक्ष्यहरू र यसै सम्मानित सभाबाट स्वीकृत चालु नीति तथा कार्यक्रमलाई मुख्य आधार बनाएर तयार गरेका छौं। यस क्रममा स्थानीय राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र, सहकारी, बुद्धिजीवी, सञ्चारकर्मी र सम्पूर्ण पालिकाबासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूबाट प्राप्त भएका अमूल्य र रचनात्मक सुझावहरूलाई बजेटमा समेट्ने इमानदार प्रयास गरेको छु।

४. बजेटको प्राथमिकता, लगानी र सुनौलो अपेक्षा: वित्तीय संघीयताको मर्म अनुरूप विभिन्न स्रोतबाट प्राप्त हुने अनुदान र राजस्वलाई हामीले गाउँपालिकाको वास्तविक आवश्यकताका आधारमा प्राथमिकीकरण गरेका छौं। यो बजेटमार्फत कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, गरिबी निवारण गर्ने, तथा स्थानीय स्तरमै रोजगारी र स्वरोजगारीका अवसरहरू सिर्जना गर्दै समग्र झिमरुक गाउँपालिकाको चौतर्फी विकास र आर्थिक समृद्धि हासिल हुने बलियो विश्वास मैले लिएको छु।

गाउँसभाका अध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरू,

हाम्रो गाउँपालिकाको विकासलाई व्यवस्थित, पारदर्शी र जनमुखी बनाउनका लागि आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट निर्माण गर्दा हामीले कानुन सम्मत रूपमा लोकतान्त्रिक र सहभागितामूलक विधिहरू अपनाएका छौं। बजेट तर्जुमाका ती प्रमुख विधिहरू म यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहन्छु:

१. **राजश्वको सही अनुमान र कर निर्धारण (राजश्व प्रक्षेपण):** राजश्व परामर्श समिति मार्फत हाम्रो गाउँपालिकाको आफ्नै आन्तरिक आम्दानीका स्रोतहरू, करको दायरा र दरको गहन विश्लेषण गरी आगामी वर्ष संकलन हुन सक्ने राजश्वको वास्तविक अनुमान र सिफारिस गरिएको छ।

२. **बजेटको सीमा र मार्गदर्शन तय (स्रोत अनुमान):** हाम्रो आन्तरिक स्रोत र संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदानको आकलन गरी स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति मार्फत प्रत्येक क्षेत्र र वडाका लागि बजेटको सीमा र आवश्यक मार्गनिर्देशन तय गरिएको छ।

३. **बस्ती र टोलस्तरबाटै योजना छनौट (जनसहभागिता):** बजेटलाई जनताको वास्तविक आवश्यकतासँग जोड्नका लागि गाउँका टोल र बस्ती-बस्तीमा पुगेर आम नागरिककै प्रत्यक्ष सहभागितामा योजनाहरूको माग संकलन र छनौट गरिएको छ।

४. **विषयगत समितिहरूमा छलफल र प्राथमिकीकरण:** वडा र बस्तीबाट छानिएर आएका योजनाहरूलाई आर्थिक, सामाजिक, भौतिक पूर्वाधार जस्ता विषयगत समितिहरूमा राखी सघन छलफल र प्राथमिकताका आधारमा वर्गीकरण गरिएको छ।

५. **एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा:** बजेट तथा कार्यक्रम तर्जुमा समिति मार्फत नीति, कार्यक्रम र योजनाहरूको प्राविधिक एवं आर्थिक सन्तुलन मिलाई कार्यपालिकामा पेश गर्नका लागि एकीकृत योजनाको सूची तयार गरिएको छ।

६. **कार्यपालिकाबाट अनुमोदन र पेश:** तयार पारिएको बजेटको मस्यौदा र आय-व्ययको विस्तृत विवरण लाई गाउँ कार्यपालिकाको बैठकबाट विधिवत् रूपमा पारित गरी यस गरिमामय सभामा प्रस्तुत गरिएको छ।

७. **गाउँ सभाबाट कानूनी स्वीकृति:** कार्यपालिकाबाट आएको बजेट र नीतिमाथि यस सम्मानित गाउँ सभामा व्यापक, खुला र लोकतान्त्रिक छलफल गरी विनियोजन र आर्थिक विधेयक पारित मार्फत बजेटलाई अन्तिम वैधानिकता दिने विधि अवलम्बन गरिएको छ।

यिनै लोकतान्त्रिक, पारदर्शी र कानुनसम्मत विधिहरूका आधारमा तयार पारिएको यो बजेटले हाम्रो गाउँपालिकाको समृद्धिको यात्रामा कोशेढुङ्गा सावित हुने विश्वास लिएको छु।

गाउँसभाका अध्यक्षज्यू, सदस्यज्यू

हाम्रो गाउँपालिकाको समग्र विकास र समृद्धिको सपनालाई साकार पार्न आगामी आर्थिक वर्ष २०८३/०८४ का बजेटका **उद्देश्यहरूलाई** निम्न बमोजिम प्रस्तुत गरिएको छ:

१. गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँच पुऱ्याई मानव जीवनस्तर सुधार्ने।

२. भौतिक पूर्वाधारहरूको निर्माण र गुणस्तर बढाउँदै गाउँपालिकाको समृद्धिका सम्भावित क्षेत्रहरू पहिचान गर्ने।

३. स्थानीय श्रम, सीप र उद्यमशीलतालाई प्रोत्साहन गर्दै व्यावसायिक कृषि, स्वरोजगारमूलक उद्योग र व्यापारको विकास गरी आत्मनिर्भर बन्ने।

४. गाउँपालिका भित्रका पर्यटकीय क्षेत्रहरूको विकास र प्रवर्द्धन गर्ने।

५. गाउँपालिकाको हरेक विकास निर्माणमा स्थानीय जनताको सहभागिता सुनिश्चित गराई अपनत्वको महसुस गराउने।

६. जनताको आवश्यकता र गाउँपालिकाको प्राथमिकता अनुसार विकासका कार्यहरू व्यवस्थापन गर्ने।
७. परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिक र व्यावसायिक कृषि प्रणालीमा रूपान्तरण गर्ने।
८. कृषि तथा पशुपंक्षीजन्य उत्पादनमा गाउँपालिकालाई आत्मनिर्भर बनाउन आवश्यक सहयोग गर्ने।
९. प्राविधिक शिक्षा र सीपमूलक तालिमहरू प्रदान गरी नागरिकहरूलाई स्वरोजगार बनाउने र जीवनस्तरमा सुधार ल्याउने।
१०. प्रत्येक नागरिकलाई गुणस्तरीय र आधारभूत स्वास्थ्य सेवाको सुनिश्चित गर्ने।

गाउँसभाका अध्यक्षज्यू तथा सभाका सदस्यज्यूहरू,

अब म आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटका मुख्य प्राथमिकताहरू यहाँहरू समक्ष प्रस्तुत गर्न चाहन्छु:

१. गाउँपालिकाका सम्पूर्ण नागरिकहरूमा आधारभूत तथा गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको सहज पहुँच पुऱ्याउने।
२. कृषि र पशुपालन क्षेत्रलाई आधुनिक बनाउँदै उत्पादन बढाउने, दिगो पूर्वाधार निर्माण गर्ने र गरिबी निवारणमा जोड दिने।
३. व्यवसाय र उद्यमशीलताको विकास गरी नयाँ रोजगारीका अवसरहरू सिर्जना गर्ने र आत्मनिर्भर समाजको निर्माण गर्ने।
४. स्थानीय जनताको सहभागिता बढाउँदै दिगो र भरपर्दो भौतिक पूर्वाधारहरू निर्माण गर्ने।
५. वन जंगलको वैज्ञानिक व्यवस्थापन गर्ने, वातावरण जोगाउने र प्राकृतिक स्रोत साधनको सही सदुपयोग गर्ने।
६. सार्वजनिक प्रशासनलाई प्रविधिमैत्री (डिजिटल) बनाई जनतालाई छिटो-छरितो र सुशासनको अनुभूति गराउने।
७. बाढी, पहिरो जस्ता प्राकृतिक विपद्हरूबाट बच्न र क्षति कम गर्न पूर्व तयारीलाई तीव्र बनाउने।
८. समाजमा रहेका सबै प्रकारका विभेदहरूको अन्त्य गरी समानता र समावेशीकरणलाई प्रवर्द्धन गर्ने।
९. आपसी सद्भाव, धार्मिक सहिष्णुता र स्वतन्त्रता सहितको एउटा बलियो र एकताबद्ध समाजको निर्माण गर्ने।

गाउँसभाका अध्यक्षज्यू तथा सभाका सदस्यज्यूहरू,

अब म आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटका क्षेत्रगत प्राथमिकताहरू यहाँहरू समक्ष प्रस्तुत गर्न चाहन्छु:

१. सामाजिक विकास क्षेत्र- यो क्षेत्र मानिसको जीवनस्तर सुधार्ने, आधारभूत आवश्यकता पूरा गर्ने र समाजलाई सुरक्षित एवं समावेशी बनाउनेसँग सम्बन्धित छ।

- **शिक्षा र स्वास्थ्य:** सबैका लागि गुणस्तरीय शिक्षाको अवसर र भरपर्दो एवं सुलभ स्वास्थ्य सेवाको सुनिश्चितता।

- **खानेपानी र सरसफाइः** स्वच्छ पिउने पानीको उपलब्धता र स्वस्थ जीवनका लागि आवश्यक सरसफाइको व्यवस्था।
- **सामाजिक सुरक्षा र संरक्षणः** जेष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति र असहायहरूको संरक्षण तथा भत्ता वा सुरक्षाको ग्यारेन्टी।
- **लैङ्गिक समानता र समावेशीकरणः** महिला, पुरुष र सबै वर्ग/समुदायलाई समान अवसर दिँदै समाजको मूलधारमा ल्याउने कार्य।
- **युवा, खेलकुद र संस्कृतिः** युवाहरूको क्षमता विकास, खेलकुदको प्रवर्द्धन र हाम्रा परम्परागत भाषा, कला एवं संस्कृतिको जगेर्ना।

२. आर्थिक विकास क्षेत्र-यो क्षेत्र आम्दानी बढाउने, रोजगारी सृजना गर्ने, र गाउँपालिका लाई आर्थिक रूपमा बलियो बनाउनेसँग सम्बन्धित छ।

- **कृषि, पशुपालन र भूमि व्यवस्थाः** खेतीपाती र पशुपालनको आधुनिकीकरण, उत्पादकत्व वृद्धि र भूमिको सही व्यवस्थापन एवं उपयोग।
- **उद्योग र पर्यटनः** नयाँ कलकारखानाको स्थापना, स्थानीय उत्पादनको प्रवर्द्धन र पर्यटकीय स्थलहरूको विकास गरी आयआर्जन बढाउने।
- **सहकारीः** गाउँ-गाउँमा रहेका सहकारीहरू मार्फत बचत गर्ने बानीको विकास र उद्यमशीलतामा लगानी।
- **जलस्रोत तथा सिँचाइः** खेतीयोग्य जमिनमा बाह्रै महिना सिँचाइको व्यवस्था र पानीको स्रोतको व्यावसायिक उपयोग।

३. पूर्वाधार विकास क्षेत्र -यो क्षेत्र भौतिक संरचनाहरूको निर्माण गरी विकासको आधार तयार पार्नेसँग सम्बन्धित छ।

- **यातायात पूर्वाधारः** गाउँपालिका र विभिन्न वस्तिहरुलाई जोड्ने सडक, पुल र यातायातका साधनहरूको सहज पहुँच विस्तार।
- **भवन, आवास र सहरी विकासः** सुरक्षित सरकारी तथा निजी भवनहरूको निर्माण, व्यवस्थित सहरको योजना र नागरिकका लागि उपयुक्त आवास को व्यवस्था।

४. सुशासन तथा अन्तर-सम्बन्धित क्षेत्र- यो क्षेत्र नियम-कानुनको पालना, जनतालाई दिइने सेवामा सुधार र वातावरण जोगाउनेसँग सम्बन्धित छ।

- **शासन प्रणाली, कानुन र न्यायः** जनताले झन्झटरहित सरकारी सेवा पाउने व्यवस्था (सुशासन), कानुनी राज्यको पालना र सबैका लागि छिटो-छरितो न्याय।
- **शान्ति, सुव्यवस्था र श्रमः** समाजमा शान्ति सुरक्षा,अमनचयन कायम राख्ने, नागरिकको जिउधनको सुरक्षा गर्ने र श्रमको सम्मान गर्दै गाउँपालिकाभित्रै रोजगारीका अवसरहरू बढाउने।
- **योजना तर्जुमा र मानव संसाधनः** विकासका राम्रा योजनाहरू बनाउने, तिनलाई सही तरिकाले लागू गर्ने र काम गर्नका लागि दक्ष जनशक्ति तयार पार्ने।

- **वातावरण, जलवायु र विपद् व्यवस्थापनः** प्रकृति र पर्यावरणको रक्षा गर्ने, जलवायु परिवर्तनको असर कम गर्ने र बाढी, पहिरो, वा भूकम्प जस्ता प्राकृतिक विपत्तिहरूबाट जोगिने पूर्वतयारी तथा उद्धारको व्यवस्था।

आ.व २०८२/८३ को छोटो समिक्षा

गाउँसभाका अध्यक्षज्यू तथा सभाका सदस्यज्यूहरू,

अब म " **हाम्रो झिमरुक राम्रो झिमरुक**" को साझा संकल्पलाई साकार पार्न चालु आर्थिक वर्ष २०८२/८३ मा यस गाउँपालिकाले अंगीकार गरेका नीति, योजना तथा कार्यक्रमहरूको कार्यान्वयन स्थिति, वित्तीय परिचालन तथा पूर्वाधार विकास, सामाजिक रूपान्तरण, आर्थिक समृद्धि तथा सुशासनका क्षेत्रमा हासिल गरेका मुख्य-मुख्य उपलब्धिहरूलाई छोटो समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१. वित्तीय तथा राजस्व स्थिति समीक्षा

१. **कुल प्रस्तावित आय र प्राप्तिको अवस्थाः** चालु आर्थिक वर्ष २०८२/८३ का लागि यस गरिमामय सभाबाट स्विकृत भएको **प्रस्तावित आय** रु. ६४ करोड ७५ लाख ७२ हजार ७ सय २५ मध्ये चालु आ.व. को असार ८ गते सम्म संघ,प्रदेश र यस गाउँपालिकाको आन्तरिक आम्दानी समेत गरी रु. ५८ करोड ५१ लाख ६९ हजार १ सय ४० रुपैयाँ **(प्रस्तावित आयको ९१.६४ प्रतिशत)** वास्तविक आय प्राप्त भएको छ ।

२. **कुल बजेट खर्चको अवस्थाः** चालु आर्थिक वर्ष २०८२/८३ का लागि यस गरिमामय सभाबाट **विनियोजित कुल बजेट** रु. ६४ करोड ७५ लाख ७२ हजार ७ सय २५ मध्ये चालु आ.व. को असार ८ गतेसम्म कुल रु. ३७ करोड ७४ लाख ३६ हजार ७६ रुपैयाँ **(विनियोजित कुल खर्चको ५८.२८ प्रतिशत)** वास्तविक खर्च भएको छ। आगामी दिनमा खर्चको गुणस्तर बढाउन थप जोड दिइनेछ।

३. **चालु तर्फको खर्च अवस्थाः** प्रशासनिक सञ्चालन, कर्मचारी पारिश्रमिक, कार्यालय व्यवस्थापन तथा सेवा प्रवाह निरन्तरताका लागि चालु खर्च तर्फ विनियोजित रु. ४१ करोड ४ लाख ३५ हजार ९९ विनियोजन मध्ये चालु आ.व को असार ८ गते सम्म रु.२६ करोड ४८ लाख ७१ हजार ९ सय २६ **(विनियोजित कुल चालु खर्चको ६४.५३** प्रतिशत) खर्च भएको छ। चालु खर्चलाई मितव्ययी बनाउन थप नीतिगत कडाइ गरिएको छ।

४. **पुँजीगत तर्फको खर्च अवस्थाः** भौतिक पूर्वाधार र विकास निर्माणका लागि पुँजीगत खर्च तर्फ विनियोजित रु. २३ करोड ७१ लाख ३७ हजार ६ सय २६ मध्ये चा.लु आ.व.को असार ८ गते सम्म रु. ११ करोड २५ लाख ६४ हजार १ सय ५० पचास **(विनियोजित कुल पुँजिगत खर्चको ४७.४७ प्रतिशत)** खर्च भएको अनुमान छ। ठेक्का सम्झौता र उपभोक्ता समिति गठनमा हुने ढिलाइले गर्दा पुँजीगत खर्च लक्ष्य अनुरूप हुन नसकेको यथार्थ स्वीकार गर्दै आगामी वर्ष यसमा सुधार गरिनेछ।

५. **आन्तरिक राजस्व परिचालनः** गाउँपालिकाको आन्तरिक आय बढाउने नीति अनुरूप चालु वर्षमा रु. ६३ लाख आन्तरिक राजस्व र आ.व २०८१/८२ को अल्या रकम सहित रु ५ करोड ६३ लाख ४८ हजार २ सय ३६ संकलन गर्ने लक्ष्य राखिएकोमा प्रगति समीक्षा अवधिसम्म रु. ५ करोड ४५ लाख ४७ हजार

९ सय ८३ (अनुमानको ९६.८१ प्रतिशत) संकलन भएको छ। सम्पत्ति कर, भूमि/मालपोत कर,व्यवसाय कर र सिफारिस दस्तुर यसका मुख्य स्रोत रहेका छन्।

६. **सङ्घीय तथा प्रादेशिक अनुदान प्राप्ति र उपयोग:** सङ्घीय र प्रादेशिक सरकारबाट वित्तीय समानीकरण, ससर्त, समपूरक र विशेष अनुदान स्वरूप कुल रु. ४८ करोड ६३ लाख ४८ हजार प्राप्त हुने अनुमान भएकोमा समिक्षा अवधि सम्म कुल रु. ४४ करोड ११ लाख ८ ० हजार ६ सय ७५ (अनुमानको ८३.९७) प्राप्त भई स्वीकृत आयोजना,ससर्तका कार्यक्रमह र लक्षित क्षेत्रमा उपयोग गरिएको छ।

७. **राजस्व बाँडफाँडको अवस्था:** सङ्घीय र प्रादेशिक सरकारबाट प्राप्त मूल्य अभिवृद्धि कर, अन्तःशुल्क,मालपोत कर तथा प्राकृतिक स्रोत (ढुङ्गा, गिट्टी, बालुवा) को बाँडफाँडबाट प्राप्त हुने रोयल्टी समेत अनुमान गरिएको रु. १० करोड ४८ लाख ७६ हजार ४ सय ८९ बजेट अनुमान भएकोमा समिक्षा अवधिसम्म ८ करोड ९४ लाख ३९ हजार ८ सय ८१ (अनुमानको ८५.२८ प्रतिशत) प्राप्त भई स्थानीय विकासमा परिचालन गरिएको छ।

८. **बेरुजु फछ्र्यौट र वित्तीय अनुशासन:** आर्थिक वर्ष २०८०/८१ सम्म जम्मा रु. ७ करोड ८३ लाख ५३ हजार ८ सय ८ बेरुजु बाँकी रहेको थियो। यस चालु वर्षमा अनुगमन, आवश्यक प्रमाण तथा कागजातहरू पेस गरी र नियमित जाँचबुझ गर्ने कार्य गरियो। फलस्वरूप, कुल बेरुजुको ८५.७६ प्रतिशत (अर्थात् रु. ६ करोड ७२ लाख ३ सय ३४) बेरुजु फछ्र्यौट गरी आर्थिक सुशासन कायम गरिएको छ। **फछ्र्यौट वाकी रहेको बेरुजुको अवस्था:**

- आर्थिक वर्ष २०८०/८१ सम्मको बाँकी बेरुजु: रु. १ करोड ११ लाख ५३ हजार ४ सय ७४
- आर्थिक वर्ष २०८१/८२ को थप बेरुजु: रु. ६८ लाख ६५ हजार ४ सय ३१
- हालसम्म फछ्र्यौट गर्न बाँकी कुल बेरुजु: रु. १ करोड ८० लाख १८ हजार ९ सय ५ रहेकोमा अहिले फछ्र्यौट गर्ने प्रक्रिया अगाडि बढिरहेको छ।

२. योजना तथा भौतिक पूर्वाधार र यातायात विकास स्थिति समिक्षा

१. **योजना सम्झौता:** उपभोक्ता समिति मार्फत ३ सय १ र ठेक्का मार्फत १३ गरी जम्मा ३ सय १४ योजना सम्झौता भएकोमा हालसम्म १ सय ९० वटा योजनाको भुक्तानी भइसकेको छ।

२. **आवधिक योजना र जग्गा वर्गीकरण:** झिमरुक गाउँपालिकाको दिगो र व्यवस्थित विकासका लागि आवधिक योजना निर्माण र जग्गाको उत्पादकत्व र उपयोगिता बढाउन स्थानीय भू-उपयोग नीति अनुसार जग्गा वर्गीकरणको कार्य समेत अन्तिम चरणमा पुगेको छ ।

३. **गौरवका तथा गौरवउन्मुख आयोजनाहरू:** गौरवको आयोजना अन्तर्गत "वाग्दुला-वतासे डाँडा-मच्छी ढाँडा लामासेरा सडक को" वतासे डाँडा मच्छी सडक खण्ड कालोपत्रे गर्ने गरी निर्माण कार्य भइरहेको छ भने झिमरुक गाउँपालिकाका सबै ८ वटै वडा समेट्ने "झिमरुक रिङरोड" र सडक गुरुयोजनाको डि.पि.आर. निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

४. **प्रमुख आयोजनाहरूको प्रगति:** गाउँपालिकाको वडा नं. ७ मा नयाँ प्रशासनिक भवन निर्माण सम्पन्न भई सेवा प्रवाह सुरु भइसकेको छ भने वडा नं. ५ मा १५ शैयाको आधारभूत अस्पताल भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ र बहुवर्षीय आयोजना अन्तर्गत वडा नं. २ को वडा कार्यालय भवन निर्माणको काम करिब ४७ प्रतिशत सकिएको छ ।

५. **ऊर्जा तथा विद्युतीकरणः** गाउँपालिकाका मुख्य प्रशासनिक भवन, स्वास्थ्य चौकी, र उज्यालो हुन नसकेका महत्त्वपूर्ण सार्वजनिक स्थलहरूमा विद्युतीय पहुँच सुनिश्चित गर्न नयाँ सौर्य ऊर्जा (Solar) सेटहरू २ वटा वितरण तथा जडान गर्ने अन्तिम तयारीमा छ भने, पहिलेदेखि सञ्चालनमा रहेका तर बिग्रेर थन्किएका सोलार प्रणालीहरूको नियमित मर्मत-सम्भार गरी पुनः सञ्चालनमा ल्याइएकाले स्थानीय नागरिकको सेवा प्रवाह र सुरक्षामा महत्त्वपूर्ण सुधार आएको छ।

६. **सिँचाइ पूर्वाधार विकासः** कृषि उत्पादन वृद्धिका लागि परम्परागत कुलो सुधार र नयाँ सिँचाइ आयोजना अन्तर्गत काउले खोला गोठाग्ना रातामाट सिचाई कुलो,काडेखोला सिचाई कुलो,राजुका रुख देखी आठ मुरे खेत सिचाई कुलो लगायत ६८ वटा साना तथा मझौला आयोजना सम्पन्न भएका छन्, जसबाट खेतीयोग्य जमिनमा बाह्रै महिना सिँचाइ सुविधा पुगेको छ।

७. **अधुरा तथा क्रमागत योजनाहरूको स्थितिः** विगतका वर्षहरूदेखि अधुरा रहेका र बहुवर्षीय ठेक्का लागेका योजनाहरूलाई आगामी आर्थिक वर्ष २०८३/८४ मा प्राथमिकताका साथ बजेट विनियोजन गरी सम्पन्न गरिनेछ।

३. सामाजिक विकास (शिक्षा, स्वास्थ्य र लक्षित वर्ग) स्थिति समिक्षा

८. **शैक्षिक गुणस्तर र सूचना प्रविधि प्रवर्द्धनः** सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार्न झिमरुक-८ को ज्ञान ज्योति आ.वि. र झिमरुक-२ को कमेरपानी आ.वि.मा आइसीटी (ICT) ल्याब र डिजिटल बोर्ड जडान गरिएको छ भने आ.व. २०८२/८३ मा गाउँपालिकाका सम्पूर्ण सामुदायिक विद्यालयहरू लाभान्वित हुने गरी स्मार्ट बोर्ड र ल्यापटप जस्ता पूर्वाधार निर्माणको कार्य अगाडि बढाइएको छ ।

९. **खेलकुदः** युवा विद्यार्थीहरूमा लुकेको खेलकुद प्रतिभालाई उजागर गर्दै उनीहरूलाई अनुशासित र खेलतर्फ आकर्षित गर्ने उद्देश्यका साथ गाउँपालिका भित्रका विभिन्न विद्यालयहरूबीच प्रतिस्पर्धा गराई पालिकास्तरीय 'राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता' भव्यताका साथ सम्पन्न गरिएको छ, जसले स्थानीय स्तरमा खेलकुद पूर्वाधारको विकास र खेलाडीहरूको व्यावसायिक वृत्तिविकासमा समेत महत्त्वपूर्ण टेवा पुऱ्याएको छ।

१०. **भौतिक पूर्वाधारः** श्री सिता मा.वि झिमरुक-७ र श्री सर्वोदय मा.वि झिमरुक-२ मा शौचालयसहितको ४ कोठे नयाँ भवन निर्माण कार्य अन्तिम चरणमा छ।

११. **शिक्षा नीति र पाठ्यक्रम कार्यान्वयनः** गाउँपालिकाको शिक्षा नीति तथा आवधिक शिक्षा योजना निर्माण भई कार्यान्वयनको चरणमा रहेको छ भने शैक्षिक सत्र २०८२ देखि कक्षा ५ सम्म लागू गरिएको स्थानीय पाठ्यक्रम "हाम्रो झिमरुक" लाई शैक्षिक सत्र २०८३ बाट कक्षा ८ सम्म पूर्ण रूपमा लागू गरिएको छ ।

१२. **शैक्षिक गुणस्तरः** शिक्षक डायरी निर्माण तथा वितरण, IT स्रोत शिक्षकहरूको क्षमता विकास र कक्षा १-३ का शिक्षकहरूका लागि एकीकृत पाठ्यक्रमसम्बन्धी तालिम सञ्चालन गरिएको छ।

१३. **छात्रवृत्तिः** सिभिल इन्जिनियरिङ अध्ययनरत विपन्न वर्गका चार जना विद्यार्थीहरूलाई कोर्स नसकिँदासम्मका लागि छात्रवृत्ति निरन्तरता दिइएको छ भने गाउँपालिकाको ७५ प्रतिशत लगानीमा एम.बि.बि.एस. (MBBS) पूरा गर्नुभएकी सङ्गीता जि.सी.ले हाल स्थानीय ओखरकोट स्वास्थ्य चौकीमा सेवा प्रदान गरिरहनुभएको छ।

१४. **आधारभूत स्वास्थ्य सेवा, औषधि,औजार र उपकरण आपूर्ति**: गाउँपालिका मातहतका सबै स्वास्थ्य संस्थाहरूमा नेपाल सरकारले तोकेका ९८ प्रकारका आधारभूत औषधिका साथै क्यालिसियम चक्की, नसर्ने रोग सम्बन्धी औषधि र आवश्यक स्वास्थ्य औजार तथा उपकरणहरू उपलब्ध गराइएको छ।

१५. **औषधि उपचार र प्रेषणा**: संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने विपन्न नागरिक औषधि उपचार सहायताका लागि २५ जनालाई सिफारिस गरिएको छ।

१६. **नसर्ने रोग सम्बन्धी सेवा**: ३० वर्षमाथिका २५ सय ११ जना व्यक्तिहरुको लागि नसर्ने रोगसम्बन्धी स्क्रनिङ, स्वास्थ्य परीक्षण गरी स्वास्थ्य परामर्श र उपचार सेवा प्रदान गरिएको छ।

१७. **दीर्घरोगी भत्ता**: मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर र मेरुदण्डसम्बन्धी समस्या भएका ६० जना बिरामीहरूलाई औषधि उपचारका लागि मासिक रु. ५ हजार भत्ता उपलब्ध गराइँदै आएको छ।

१८. निःशुल्क आँखा उपचार: नरेन्द्र गायत्री आँखा अस्पताल विजुवारसँगको साझेदारीमा ६० वर्ष पुगेका ज्येष्ठ नागरिक र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका गरी ८ सय २८ जनालाई आँखा उपचार र ४० जनालाई निःशुल्क अप्रेशन सेवा प्रदान गरिएको छ।

१९. **प्रसूति यातायात**: सुरक्षित प्रसूति सेवालाई प्रोत्साहन गर्न गाउँपालिकाले ४ सय २५ जना गर्भवती महिलाहरूलाई थप यातायात खर्चबापतको रकम भुक्तानी गरिदिएको छ।

२०. **जेष्ठ नागरिक सेवा**: ८० वर्ष माथिका ४ सय ३८ जना जेष्ठ नागरिकहरुलाई स्वास्थ्यकर्मीहरु घरमै पुगेर यस आ.व. मा ३ पटक सेवा प्रदान गरिएको छ।

२१. **किशोरी स्वास्थ्य सेवा**: रक्त अल्पताको अवस्था पत्ता लगाउन २ सय ३७ जना किशोरीमा प्रयोगशाला चेकजाँच गरिएको छ।

२२. **पोषण सेवा**: स्वास्थ्यकर्मीहरुले समुदायस्तरमा पुगेर ८ सय ९५ जना बालबालिकाहरुको पोषण अवस्था लेखाजोखा गर्न सेवा प्रदान गरिएको छ।

२३. **स्वास्थ्य भवन-** झिमरुक गाउँपालिकाको वडा नं. १ र ७ मा बजेट अभाव तथा विभिन्न प्राविधिक कारणले अधुरो अवस्थामा रहेका स्वास्थ्य चौकी भवनहरूको निर्माण कार्यलाई विशेष प्राथमिकताका साथ चालु आर्थिक वर्षमा पूर्ण सम्पन्न गरिएको छ, जसका कारण अब स्थानीय नागरिकहरूले आफ्नै वडाबाट आधुनिक, सुरक्षित र थप व्यवस्थित भवनमार्फत सहज रूपमा आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्न सक्नेछन्।

२४. पोषण अनुदान: झिमरुक गाउँपालिकाको वडा नं. ७ स्थित थापचौरका (१४) र वडा नं. ८ स्थित टिमुर चौर बस्तीका (१४) गर्भवती तथा सुत्केरी आमा र नवजात शिशुको पोषण अवस्थामा सुधार ल्याउने उद्देश्यले, 'सुनौलो हजार दिन' भित्रका २८ जना आमाहरूलाई जनही रु. २५ हजार का दरले कुल रु. ७ लाख बराबरको प्रोत्साहन अनुदान वितरण गर्ने कार्यविधि बमोजिम बैंकिङ प्रणालीमार्फत रकम भुक्तानीको प्रक्रिया अघि बढाइएको छ; जसले स्थानीय स्तरमा मातृ-शिशु स्वास्थ्य र पोषणको सुधार गर्न ठूलो सहयोग पुऱ्याउनेछ।

२५. लक्षित वर्ग उत्थान र सशक्तीकरण: महिला, ४५ वर्ष पूरा भएका अविवाहित, श्रीमान् बेपत्ता भएका र सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेका एकल महिला तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र कल्याणका लागि लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान (८ वटा वडामा

अभिमुखीकरण), लैङ्गिक समता परीक्षण, अपाङ्गता सामग्री खरिद-वितरण र १७ जना एकल महिलालाई भत्ता वितरण कार्यक्रम सम्पन्न भएको छ ।

४. आर्थिक विकास (कृषि, पर्यटन,उद्यमशीलता र रोजगार) स्थिति समिक्षा

२६. **आकस्मिक बाली संरक्षण तथा उन्नत बीउबिजन वितरण**: कृषकहरूको माग र प्राविधिकहरूको फिल्ड अनुगमनका आधारमा तरकारी तथा खाद्यान्न बालीमा लाग्ने रोगकीरा नियन्त्रणका लागि आवश्यक विषादीहरू वितरण भइरहेको छ; साथै कृषि उत्पादन वृद्धिका लागि ५० प्रतिशत अनुदानमा ९ सय केजी मनकामना-३ जातको मकैको बीउ ३ सय भन्दा बढी कृषकलाई, १८ सय केजी स्वर्गद्वारी र विजय जातको उन्नत गहुँको बीउ १ सय २० जना कृषकलाई र ९ सय ७३ केजी रामधान, चैते-५ एवं हर्दिनाथ-६ जातको धानको उन्नत बीउ ९८ जना कृषकहरूलाई वितरण गरिएको छ।

२७. **सशर्त कार्यक्रम र प्रविधि हस्तान्तरण**: संघीय सशर्त अनुदान अन्तर्गत सञ्चालित 'मध्यपहाडी मकै प्रवर्द्धन कार्यक्रम' र 'सुन्तला पकेट क्षेत्र निरन्तरता कार्यक्रम' मार्फत गाउँपालिकाका ६ वटा कृषक समूहमा आबद्ध १ सय २० जनाभन्दा बढी कृषकहरूलाई व्यावसायिक बनाउने उद्देश्यले उन्नत बीउ, बेर्ना, विषादीका साथै आधुनिक कृषि उपकरण तथा औजारहरू उपलब्ध गराई प्रविधि हस्तान्तरण गरिएको छ।

२८. **कृषि फार्म तथा समूहहरूको अभिलेखीकरण**: गाउँपालिका भित्र सञ्चालित कृषि गतिविधिहरूलाई व्यवस्थित, योजनाबद्ध र व्यावसायिक बनाउने उद्देश्यका साथ कृषि विकास शाखाको आधिकारिक अभिलेखमा हालसम्म कुल ३ सय १४ वटा व्यावसायिक कृषि फार्म तथा कृषक समूहहरू दर्ता एवं सूचीकृत भएका छन्।

२९. **उत्पादन संकलन तथा बजार व्यवस्थापन**: स्थानीय कृषकहरूले उत्पादन गरेका कृषि उपजहरूलाई सुरक्षित रूपमा भण्डारण गरी बजारमा उचित मूल्य दिलाउने उद्देश्यले गाउँपालिकामा १ वटा कोल्ड चेम्बर (शीतभण्डार) निर्माण कार्य सम्पन्न भई हाल सञ्चालनमा ल्याउने अन्तिम चरणमा रहेको छ।

३०. **महामारीजन्य रोग नियन्त्रण तथा खोप सेवा**: पशुधनको सुरक्षा र महामारीजन्य रोगबाट हुने क्षतिलाई न्यूनीकरण गर्ने उद्देश्यले गाउँपालिका भित्रका कृषकहरूले पालेका कुल १६ हजार ५ सय वटा भेडाबाख्राहरूलाई घातक पी.पी.आर. (PPR) रोग विरुद्धको खोप सेवा सफलतापूर्वक उपलब्ध गराइएको छ।

३१. **पशु स्वास्थ्य सुधार तथा औषधि वितरण**: झिमरुक गाउँपालिका भित्र व्यावसायिक तथा परम्परागत पशुपालन गरिरहेका कुल १ हजार २३ जना कृषकहरूलाई प्रत्यक्ष लाभ पुग्ने गरी पशु र पक्षीमा लाग्ने विभिन्न रोगहरूको उपचार तथा रोकथामका लागि आवश्यक पर्ने ६८ प्रकारका उन्नत पशु-पक्षी औषधिहरू निःशुल्क रूपमा वितरण गरिएको छ।

३२. **भकारो तथा खोर सुधार अनुदान कार्यक्रम**: कृषि तथा लघु उद्योग प्रवर्द्धन कार्यक्रम अन्तर्गत परम्परागत पशुपालनलाई आधुनिकीकरण र व्यावसायिक बनाउने उद्देश्यले गाउँपालिकाका ९ जना

कृषकहरूलाई प्राविधिक सहयोगसहित आर्थिक अनुदान उपलब्ध गराई 'भकारो सुधार' तथा खोर सुधार' कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको छ।

३३. **राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम**: यस कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका बेरोजगार सूचीमा रहेका १ हजार ८ सय ९९ मध्ये १ सय २० जना बेरोजगार व्यक्ती हरुलाई न्यूनतम १०० दिनको रोजगारी उपलब्ध गराई स्थानीय सडक मर्मत र गोरेटो बाटो निर्माणमा परिचालन गरिएको छ। यसै वर्ष ९० जनालाई श्रम स्वीकृतिका लागि सहजीकरण गरिएको छ।

३४. **स्थानीय उद्योग, सीप र उद्यमशीलता विकास**: स्थानीय स्तरमा उपलब्ध कच्चा पदार्थको सदुपयोग गर्दै महिलाहरूलाई आर्थिक रूपमा आत्मनिर्भर र उद्यमी बनाउने उद्देश्यका साथ, गाउँपालिकाको घरेलु तथा साना उद्योग प्रवर्द्धन कार्यक्रम अन्तर्गत ४० जना महिलाहरूलाई लुगा धुने सरफ र नुहाउने/कपडा धुने साबुन बनाउने व्यावहारिक तथा प्रविधिमूलक सीप विकास तालिम प्रदान गरिएको छ; जसले गर्दा महिलाहरूले घरमै बसीबसी लघु उद्यम सुरु गरी आयआर्जन गर्न सक्ने र बजारमा स्थानीय उत्पादनको प्रवर्द्धन भई स्वरोजगारीका अवसरहरू सृजना हुने विश्वास लिइएको छ।

३५. **ऐतिहासिक तथा धार्मिक पर्यटन क्षेत्रको प्रवर्द्धन**: झिमरुक गाउँपालिकाभित्र रहेका पहिचान गरिएका तथा पुराना ऐतिहासिक, धार्मिक र प्राकृतिक पर्यटकीय स्थलहरूको जगेर्ना गर्दै आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्नका लागि लक्षित क्षेत्रहरूको संरक्षण, सौन्दर्यीकरण र आवश्यक भौतिक पूर्वाधार निर्माणका कार्यहरू भइरहेका छन्।

५. वन, वातावरण, विपद् व्यवस्थापन

३६. **वन, वातावरण र जलाधार संरक्षण**: झिमरुक गाउँपालिकामा वन, वातावरण र जलाधार संरक्षणका क्षेत्रमा केही सीमित प्रयासहरू भए तापनि, बजेट र जनशक्तिको कमीले गर्दा वातावरण क्षेत्रले न्यून प्राथमिकता पाउनुका साथै उचित फोहोरमैला व्यवस्थापन गर्न नसकिएको र पहिरो नियन्त्रण एवं भू-संरक्षणका लागि उपयोगी मानिने जैविक इन्जिनियरिङ (बायो-इन्जिनियरिङ) प्रविधि पूर्ण रूपमा लागू गर्न नसकिएकाले यस क्षेत्रमा अझै धेरै काम गर्न बाँकी नै रहेको छ।

३७. **विपद् व्यवस्थापन, उद्धार तथा राहत**: बाढी, पहिरो/आगलागी बाट प्रभावित भएका १० परिवारलाई गाउँपालिकाले तत्काल राहत स्वरुप नगद 'विपद् व्यवस्थापन कोष' मा भएको रकम वाट रु. २ लाख २ सय ७० जोखिम न्यूनीकरणमा वितरण भएको छ।

६.सुशासन, संस्थागत विकास तथा न्याय र कानुन,

३८. **स्थानीय शासन कार्यसम्पादन स्वमूल्याङ्कन प्रणाली (LGPASS)**: स्थानीय शासन कार्यसम्पादन स्वमूल्याङ्का प्रणाली (LGPASS) प्रणालीमा गत आर्थिक वर्ष २०८१/८२ मा ७५.३ अङ्क प्राप्त भएकोमा, चालु वर्षमा आन्तरिक नियन्त्रण प्रणाली चुस्त बनाएर, समयमै बजेट योजना कार्यान्वयन गरेर र आर्थिक पारदर्शिता बढाएर सोभन्दा अझ बढी अङ्क हासिल गर्ने लक्ष्यका साथ स्थानीय शासनका सम्पूर्ण कार्यहरू तीव्रताका साथ अघि बढाइएको छ।

३९. **पारदर्शिता र नागरिक सुनुवाइः** सुशासनका लागि गुनासो सुन्ने र सूचना अधिकारीको व्यवस्था गरिएको छ। सार्वजनिक महत्त्वका सूचना प्रत्येक ३/३ महिनामा सार्वजनिक गर्ने तथा नियमित सार्वजनिक सुनुवाइ गरी प्राप्त सुझावहरू कार्यान्वयन गर्ने गरिएको छ।

४०. **बैठकहरूः** यस अवधिमा २ वटा गाउँसभा, १४ वटा कार्यपालिका बैठक, १४ वटा कर्मचारी बैठक, २ वटा विपद् व्यवस्थापन समिति बैठक र अन्य १७ वटा गरी जम्मा ४९ वटा बैठकहरू सम्पन्न भएका छन्।

४१. **व्यवसाय दर्ताः** यस आ.व.मा 'घ वर्गको इजाजतपत्र नवीकरण ३० तथा नयाँ प्राइभेट फर्म/संस्था/व्यवसाय दर्ता तथा नवीकरण जम्मा १ सय २५ वटा भएका छन्।

४२. **संस्थागत क्षमता विकास र सुशासनः** पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्न गाउँपालिका र आठै वटा वडा कार्यालयहरूमा नागरिक बडापत्र स्थापना गर्नुका साथै गाउँपालिका स्तरमा दुई पटक र वडा तहमा एक/एक पटक सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गरी नागरिकका सुझावहरू संकलन तथा कार्यान्वयन गरिएको छ।

४३. **न्यायिक समितिको कार्यसम्पादनः** न्यायिक समितिमा दर्ता भएका कुल ३८ वटा उजुरी तथा निवेदनहरूमध्ये ३१ वटाको सुनुवाइ भई सफल रूपमा किनारा लगाइएको छ (जसमा १५ वटा मेलमिलाप, ९ वटा निर्णय सिफारिस र ७ वटा तामेली गरिएका छन्)।

४४. **कानुनी शिक्षा** क्याम्पस तथा सामुदायिक विद्यालयका जम्मा ८ सय ५० जना विद्यार्थी र शिक्षकहरूलाई कानुनी शिक्षासम्बन्धी जनचेतनामूलक कार्यक्रम प्रदान गरिएको छ।

४५. **सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना तर्फ-** यस आर्थिक वर्षको समीक्षा अवधिसम्म ३ हजार ४ सय ३४ जना नागरिकले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका छन् भने जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्धविच्छेद सम्बन्धी १ हजार ४ सय ७२ वटा व्यक्तिगत घटना दर्ता भएका छन्।

सभाध्यक्षज्यू,

हाम्रो भौगोलिक अवस्थिति, सिमित उपलब्ध स्रोत साधन र आन्तरिक क्षमताको सीमाभित्र रहेर जनताका असिमित अपेक्षाहरू पूरा गर्ने क्रममा हामीले बहुआयामिक चुनौतीहरूको सामना गर्नुपरिरहेको छ। चालु आर्थिक वर्ष २०८२/८३ मा हामीले भोगेका समस्या तथा चुनौतिहरू र तिनको समाधानका लागि चालिएका कदमहरू यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

क) समस्या तथा चुनौतीहरू

१. **परम्परागत कृषि प्रणालीः** किसानहरू अझै पनि निर्वाहमुखी खेतीपातीमा निर्भर रहनु, उन्नत प्रविधिको प्रयोग कम हुनु र खेतीयोग्य जमिन बाँझो रहने क्रम बढ्नु।

२. **बजार र मूल्यको सुनिश्चितता नहुनुः** किसानले उचित मूल्य नपाउनु तथा उत्पादित कृषि उपज (तरकारी, दूध, फलफूल) भण्डारणका लागि व्यवस्थित कोल्ड स्टोर र संकलन केन्द्रको अभाव हुनु।

३. **पर्यटकीय क्षेत्रको प्रचारप्रसार कमीः** झिमरुकका ऐतिहासिक, धार्मिक तथा प्राकृतिक स्थलहरूको पहिचान भए पनि आवश्यक पर्यटकीय पूर्वाधारको अभावमा पर्यटक भित्र्याउन नसकिनु।

४. **कमजोर सडक गुणस्तर र दिगोपनः** भौगोलिक विकटताका कारण खनिएका ग्रामीण सडकहरू वर्षायाममा पहिरोका कारण अवरुद्ध हुनु र हिउँदमा मात्र चल्ने मौसमी प्रकृतिका हुनु।

५. **खानेपानी आयोजनामा प्राविधिक जटिलताः** गाउँपालिकामा विभिन्न बस्तीहरूमा पानीका मुहान सुक्दै जाँदा लिफ्टिङ प्रविधि प्रयोग गर्नुपर्ने, जसले गर्दा बढी लागत र विद्युतीकरणको समस्या हुनु।

६. **अधुरा र क्रमागत योजनाहरूको चाप तथा बजेट छरिनुः** चालु वर्षमा आवश्यकता भन्दा बढी साना तथा टुक्रे योजनाहरू छनोट भएका कारण विनियोजित बजेट प्रभावकारी रूपमा केन्द्रित हुन नसकी छरिएको छ, जसले गर्दा धेरै आयोजनाहरू अझै सम्म अधुरै रहन गई आगामी आर्थिक वर्षमा समेत पुराना र क्रमागत योजनाहरू फर्स्यौंट गर्नुपर्ने अतिरिक्त आर्थिक र प्रशासनिक चाप बढेको छ।

७. **सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्नुः** जङ्गली जनावरले किसानलाई सताउदा बसाइँसराइ तिब्र हुनु र जन्मदर घट्नुका कारण ग्रामीण क्षेत्रका विद्यालयमा विद्यार्थी संख्या न्यून हुनु र सोही अनुसार शिक्षक दरबन्दी मिलान गर्न कठिन हुनु।

८. **स्वास्थ्य सेवामा विशेषज्ञ जनशक्तिको अभावः** गाउँपालिका अन्तर्गतका कुल ८ वटा स्वास्थ्य चौकीहरूमध्ये हाल २ वटामा मात्र ल्याब सेवा उपलब्ध रहेको, ६ वटामा ल्याब सेवा पुऱ्याउन नसकिएको र हाल १ वटा स्वास्थ्य चौकीमा मात्र डाक्टरको व्यवस्था गर्न सकिएकाले, आगामी दिनमा सबै स्वास्थ्य चौकीहरूमा नियमित स्वास्थ्य सेवा र ल्याब सञ्चालन गर्न आवश्यक पर्ने दक्ष प्राविधिक, विशेषज्ञ र सरकारी दरबन्दीका स्वास्थ्यकर्मीहरूको व्यवस्थापन गर्ने कार्यमा अझै ठूलो चुनौती र अभाव रहेको छ।

९. **मनसुनजन्य विपद् (बाढी र पहिरो):** अधिकांस भिरालो जमसनका कारण वर्षायाममा संवेदनशील स्थानहरूमा जाने पहिरोले प्रत्येक वर्ष सडक पूर्वाधारको ठूलो क्षति गर्नु।

१०. **जलवायु परिवर्तन र पानीका मुहान सुक्नुः** जलवायु परिवर्तनको प्रत्यक्ष असरका कारण परम्परागत खानेपानी र सिँचाइका मुहानहरू सुख्खा खडेरीमा सुक्दै जानु।

११. **पुँजीगत खर्चको कमजोर दरः** उपभोक्ता समितिहरूमा प्राविधिक ज्ञानको कमी र आर्थिक वर्षको अन्तिम महिना (असार) मा मात्र काम गर्ने परिपाटीले विकासको गुणस्तर खस्कनु।

१२. **कर्मचारी दरबन्दी रिक्तताः** प्राविधिक र प्रशासनिक क्षेत्रमा स्थायी कर्मचारीको अभाव हुँदा योजनाहरूको समयमै नापजाँच, अनुगमन र प्रशासनिक कार्य सम्पादनमा ढिलाइ हुनु।

१३. **राजस्वको सीमित स्रोतः** गाउँपालिकाको आफ्नो आन्तरिक आम्दानीका स्रोतहरू (जस्तैः स्थानीय कर, शुल्क र दस्तुर) अत्यन्तै साघुरो र सीमित भएकाले आफ्नो क्षेत्रको विकास निर्माण र प्रशासनिक खर्च धान्न समेत पर्याप्त नहुँदा, पालिकाले स्वास्थ्य, शिक्षा र पूर्वाधार जस्ता आधारभूत आवश्यकताका योजनाहरू सञ्चालन गर्नका लागि अझै पनि सङ्घीय र प्रादेशिक सरकारबाट प्राप्त हुने अनुदान र राजस्व बाँडफाँडमा नै पूर्ण रूपमा निर्भर रहनु परेको छ।

सभाध्यक्षज्यू,

चालु आर्थिक वर्ष २०८२/८३ मा यस झिमरुक गाउँपालिकाले अवलम्वन गरेको नीति वमोजिम योजना तथा कार्यक्रमहरूको कार्यान्वयन गर्दा माथि पहिचान गरेका **समस्या तथा चुनौतीहरू** लाई समाधान गर्न चालिएका कदमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

ख) समाधानका लागि गरिएका प्रयासहरू

१४. **शीतभण्डार र हाटबजार पूर्वाधार**: स्थानीय कृषकहरूले उत्पादन गरेका आलु, तरकारी तथा फलफूल जस्ता अमूल्य कृषि उपजहरूलाई कुहिएर जानबाट जोगाउन र बजारमा उचित मूल्य नपाउँदासम्म सुरक्षित रूपमा भण्डारण गरी राख्नका लागि १ वटा आधुनिक शीतभण्डार (कोल्ड स्टोर) को निर्माण कार्य पूर्ण रूपमा सम्पन्न भई हाल सञ्चालनको अन्तिम चरणमा रहेको छ; साथै कृषकहरूले आफ्ना उत्पादनहरू सिधै उपभोक्तामाझ पुऱ्याई उचित मूल्य प्राप्त गर्न सकून् भन्ने उद्देश्यले १ वटा मुख्य व्यापारिक स्थानमा मच्छी मा हाटबजार केन्द्रको भौतिक पूर्वाधार निर्माण गरिएको छ जसले स्थानीय कृषि व्यापार र आर्थिक गतिविधिलाई ठूलो टेवा पुऱ्याउनेछ।

१५. **सडक स्तरउन्नति-** गाउँपालिका भित्रका दुर्गम बस्तीहरूलाई मुख्य सडक सञ्जालसँग जोड्न र आवतजावतलाई सुरक्षित एवं सहज बनाउनका लागि रणनीतिक महत्वका ग्रामीण सडकहरूको ट्रयाक खोल्ने, स्तरोन्नति (ग्रेड सुधार र मोड व्यवस्थापन), मोडहरूमा सोलिङ गर्ने, नाली निर्माण तथा सडक ढलान र कालोपत्रे गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाइएको छ; जसले गर्दा नागरिकहरूलाई बाह्रै महिना यातायात सेवा उपलब्ध हुनुका साथै स्थानीय कृषि उपजलाई बजारसम्म पुऱ्याउन र बिरामीहरूलाई समयमै अस्पतालसम्म पुऱ्याउन ठूलो सहयोग पुगेको छ।

१६. **अधुरा योजनालाई-** प्राथमिकताविगतका आर्थिक वर्षहरूमा प्राविधिक जटिलता, बजेटको अभाव वा अन्य विविध कारणहरूले गर्दा अलपत्र परेका र समयमै सम्पन्न हुन नसकेका अधुरा तथा क्रमागत योजनाहरूलाई चालु वर्षको विकास कार्यक्रममा विशेष प्राथमिकताका साथ आवधिक बजेट विनियोजन गरी तीव्र गतिमा निर्माण कार्य अघि बढाएर यसै वर्षभित्र पूर्ण रूपमा सम्पन्न गरिएको छ; जसले गर्दा जनताको करबाट लगानी भएको राज्यकोषको सम्भावित दुरूपयोग जोगिनुका साथै विकासको प्रतिफल स्थानीय नागरिकले तत्कालै उपभोग गर्न पाएका छन्।

१७. **प्रकोप तथा विपद् व्यवस्थापन कोष र राहत** पालिकामा रु. २७ लाख ५८ हजार १ सय १९ को विपद् व्यवस्थापन कोष स्थापना गरी बाढी, पहिरो तथा आगलागीबाट प्रभावित १० परिवारलाई नगद रु. २ लाख २ सय ७५ बराबरको राहत वितरण गरिएको छ।

१८. **कार्यतालिका र करार जनशक्ति परिचालन**: साउन/भदौदेखि नै योजना सम्झौता गर्ने नीति लिइएको छ भने रिक्त प्राविधिक पदमा करार सेवामार्फत प्राविधिक जनशक्तीहरू नियुक्त गरी कार्यसम्पादन चुस्त बनाइएको छ।

१९. **ई-गभर्नेन्स र प्रविधिको प्रयोग**: ८ वटै वडामा अनलाइन घटना दर्ता,नागरीकता सिफारीस शतप्रतिशत लागू गरिएको छ भने ८ वटै वडामा 'अनलाइन राजस्व भुक्तानी प्रणाली' सुरु गरी सुशासन सुनिश्चित गरिएको छ।

२०. **न्यायिक र सामाजिक उत्तरदायित्व**: न्यायिक समिति मार्फत ३८ मध्ये ३१ वटा स्थानीय विवाद किनारा लगाई टुङ्ग्याइएको छ भने पारदर्शिताका लागि वडातहसम्म सार्वजनिक सुनुवाइ अनिवार्य गरिएको छ।

गाउँसभाका अध्यक्षज्यू, सदस्यज्यूहरु,

झिमरुक गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को विषय क्षेत्रगत विनियोजन अन्तर्गत आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार निर्माण, वन, वातावरण तथा विपद् व्यवस्थापन, र संस्थागत विकास तथा सुशासन र न्याय सम्पादन जस्ता मुख्य स्तम्भहरूलाई प्राथमिकता दिँदै, स्थानीय स्रोत-साधनको अधिकतम परिचालन र दिगो विकासको लक्ष्य हासिल गर्ने गरी सन्तुलित रूपमा बजेट तथा संक्षिप्त कार्यक्रमहरू प्रस्ताव गरिएको छ।

१. आर्थिक विकास क्षेत्र

आर्थिक विकास विना दिगो र सन्तुलित विकास सम्भव छैन भन्ने कुरालाई मध्यनजर गर्दै कृषि, पशुपन्छी, पर्यटन, सिंचाइ लगायतका क्षेत्रमा प्राथमिकताका साथ बजेट विनियोजन गरिएको छ । आर्थिक विकासका मुख्य क्षेत्र कृषि, उद्योग, पशुपन्छी विकास, पर्यटन, सिंचाइ लगायका क्षेत्रमा रु ३ करोड ०६ लाख ४३ हजार वजेट विनियोजन गरेको छु ।

१.१. कृषि तथा पशुपन्छी विकास

१. कफी, मकै, आलु पकेट विकास कार्यक्रम विउ-वेर्ना ५०% अनुदानमा खरिद तथा वितरण गर्ने लगायतका कार्यक्रमका लागि रु. १५ लाख ७० हजार बजेट विनियोजन गरेको छु ।

२. भकारो सुधार तथा भौसि प्रवर्द्धन कार्यक्रमका लागि रु. १० लाख ९० हजार हजार विनियोजन गरिएको छ ।

३. उत्पादित कृषि उपजको वजारीकरणको लागि निर्माणाधिन कृषि हाटबजार केन्द्र स्तरउन्नतीको लागि रु. २० लाख बजेट विनियोजन गरेको छु ।

४. अनौपचारीक क्षेत्रका श्रमिक र स्वरोजगार रहेका व्यक्तिहरुलाइ सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गरी कृषक पेन्सन कार्यक्रमको लागि रु. १ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

५. पशुपन्छीको औषधि खरिद, आन्तरिक तथा बाह्य परजीवी नियन्त्रण, ल्याब र सेवा केन्द्र तथा भेटेरिनरी डिस्पेन्सरी स्थापना लगायतका पशु विकास र माहामारी रोग नियन्त्रण कार्यक्रमका लागि रु. १८ लाख बजेट विनियोजन गरेको छु ।

६. धान गहुँ बालिको उन्नत विउ उपयोगमा अनुदान कार्यक्रमको लागि रु ५ लाख विनियोजन गरेको छु ।

७. आकस्मिक वाली संरक्षण कार्यक्रम, च्याउको विउ खरिद वितरण, तरकारिको विउ खरिद वितरण तथा रैथाने वाली प्रवर्द्धनको लागि रु.१२ लाख १५ हजार बजेट विनियोजन गरेको छु ।

८. समग्रमा कृषि तथा पशुपन्छी क्षेत्रमा रु १ करोड २३ लाख ९९ हजार बजेट विनियोजन गरेको छु ।

श्रम तथा रोजगार

१. उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति सीप विकास उद्यमशीलता प्रवर्द्धन र पुनः एकीकरण सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न रु २० लाख ९४ हजार बजेट विनियोजन गरेको छु ।

२. बेरोजगार तथा बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको तथ्यांक संकलन श्रमबजारको मागअनुरूप सिप विकास तथा उद्यमशिलता कार्यक्रमको लागि रु ४ लाख बजेट विनियोजन गरेको छु ।

३. समग्रमा रोजगार सिप तथा उद्यमशिलता केन्द्रको लागि रु २५ लाख ७० हजार वजेट विनियोजन गरेको छु ।

घरेलु, साना उद्योग तथा उद्यम विकास

१. घरेलु, साना तथा मझौला उद्योगको संरक्षणका लागि नवप्रवर्तनमा आधारित व्यवसाय अनुदान र अचार, साबुन, कुसन, बाँसको मुढा, अगरबत्ती, चप्पल तथा मैनबत्ती बनाउने जस्ता सीपमूलक तालिम कार्यक्रमका लागि रु. ३१ लाख ३० हजार विनियोजन गरिएको छ ।

पर्यटन विकास

१. आन्तरिक तथा बाह्य पर्यटक प्रवर्द्धन गर्न जोड दिने नीति अनुरुप पर्यटकिय क्षेत्रको विकास गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

सहकारी

१. झिमरुक गाउँपालिकाभित्र स्थापना भई सञ्चालनमा आएका सहकारीहरुको वित्तिय पहुँच विस्तार, सामाजिक र आर्थिक सशक्तिकरण र उत्पादशिल क्षेत्रमा सहकारी संस्थालाई परिचालन गर्न आवश्यक अनुगमन, नियमन गरी सहकारी क्षेत्रको क्षमता विकास तथा सहकारी क्षेत्रको पूर्वाधार निर्माणको लागि ७ लाख ९९ हजार रकम विनियोजन गरेको छु।

जलस्रोत र सिंचाई

कृषि तथा बेमौसमी खेतीका लागि सिँचाइ सुविधा पुऱ्याउन विभिन्न ४८ वटा साना तथा ठूला योजनाहरू (सिँचाइ कुलो र पोखरी निर्माण) सञ्चालन गर्न रु. १ करोड १२ लाख ९५ हजार बजेट विनियोजन गरिएको छ ।

भुमी व्यवस्था

नदी नियन्त्रण, तटबन्ध निर्माण र घर, खेत तथा बस्तीको जोखिम न्यूनीकरण गरी भूमि संरक्षण गर्न रु. २१ लाख बजेट विनियोजन गरिएको छ ।

गाउँसभाका अध्यक्षज्यू, सदस्यज्यूहरु,

अव म सामाजिक विकासतर्फ विनियोजित ३९ करोड ८७ लाख ४२ हजार ५७ रुपैया बजेटमार्फत गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार, भौतिक पूर्वाधार विकास र प्रविधिमैत्री शिक्षण, स्वास्थ्य संस्थाहरूको सुदृढीकरण, औषधि तथा उपकरणको सहज उपलब्धता, सुरक्षित खानेपानी, सरसफाइ र स्वच्छता अभियान, एवं महिला, बालबालिका, ज्येष्ठ नागरिक, र विपन्न वर्गको क्षमता विकास तथा सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई एकीकृत रूपमा कार्यान्वयन गरिनेछ।

शिक्षा, युवा तथा खेलकुद

१.झिमरुक -५ मच्छीमा रहेको गौमुखी क्याम्पसमा अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरुलाई निशुल्क अध्ययन गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु । साथै गाउँपालिकाका सम्पुर्ण सामुदायीक विद्यालयहरुमा शिक्षक अभावको समस्या समाधान गरी शैक्षिक गुणस्तर अभिबृद्धि गर्न शिक्षक व्यवस्थापनका लागि रु ३ करोड ८० लाख ६९ हजार ७ सय ७ रुपौया बजेट विनियोजन गरेको छु ।

२.कक्षा १ देखि ८ सम्म लागू भइसकेको स्थानीय पाठ्यक्रम 'हाम्रो झिमरुक' लाई निरन्तरता दिन रु. ७ लाख बजेट विनियोजन गरिएको छ ।

३. युवा तथा खेलकुद संग सम्वन्धित समसामयीक कार्यक्रम व्यवस्थापन तथा खेलकुद प्रतियोगिताहरु संचालन गर्न रु १३ लाख २४ हजार ८ सय ५० वजेट विनियोजन गरेको छु ।

४. मैनाके खेल मैदान निर्माणका लागि विनियोजित रू. २५ लाख बजेटमार्फत स्थानीय स्तरमा खेलकुदको विकास, युवा प्रतिभा पहिचान र प्रवर्द्धनका लागि खेल मैदानको स्तरोन्नति, घेरावेरा, र आवश्यक खेल पूर्वाधारहरूको निर्माण कार्यलाई तीव्रताका साथ अगाडि बढाइनेछ।

५.झिमरुक गाउँपालिकाका विपन्न वर्गका विद्यार्थीहरुलाई प्राविधिकधारतर्फ कृषि तथा पशु विज्ञान अध्ययनका लागि छात्रवृति उपलब्ध गराउन रु २ लाख वजेट विनियोजन गरेको छु । यस अघि छात्रवृति प्राप्त गरि अध्ययन गरिरहेका विद्यार्थिहरुलाई निरन्तरता दिएको छु ।

६.झिमरुक गाउँपालिकाका सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरु महिनावारीको समयमा समेत स्वास्थ्य साबधानीका साथ सिकाइ सहजीकरणमा सक्रिय सहभागिता बृद्धि गर्नका लागि निशुल्क स्यानेटरी प्याड उपलब्ध गराउन रु १० लाख ६५ हजार रकमको व्यवस्था गरेको छु ।त्यस्तै विद्यालय छात्राहरुको महिनावारी स्वच्छता सुनिश्चितता गरि पूर्ण महिनावारी स्वच्छता गाउँपालिका घोषणा अभियान सम्पन्न गर्न रु ६ लाख बजेट बिनियोजन गरेको छु।

७ झिमरुक गाउँपालिका विद्यालयहरुको भौतिक पूर्वाधार निर्माणको लागि रु ३० लाख बजेट विनियोजन गरेको छु ।

८. झिमरुक गाउँपालिकाको शैक्षिक पूर्वाधारको विकास, शैक्षिक जनशक्ति व्यवस्थापन तथा क्षमता अभिबृद्धि सिकाइ सहजिकरणमा नविनतम विधि र प्रविधिको प्रयोग गरी गुणस्तरीय र जिवननोपयोगी शिक्षाको सुनिश्चितताका लागि शिक्षा, युवा तथा खेलकुद क्षेत्रमा जम्मा रु २५ करोड ७९ लाख ०८ हजार ५७ रुपैया बजेट विनियोजन गरेको छु। जुन कुल बजेटको ४१.४८ प्रतिशत हो।

स्वास्थ्य तथा पोषण

१. ६० वर्ष भन्दामाथिका ज्येष्ठ नागरिकहरु र महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई नि-शुल्क आखाँ उपचारका लागि प्रस्तावित नरेन्द्र गायत्री आँखा अस्पताल विजुवारमा आ.व.२०७६/७७ देखि उपचारको व्यवस्था मिलाईएकोमा आ.व २०८३/८४ मा पनि सो सुविधा उपलब्ध गराउन रु ८ लाख बजेट व्यवस्था गरेको छु ।

२. आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि सूचीकृत गरिएका अत्यावश्यक निशुल्क औषधी वितरणका लागि रु. २९ लाख ६५ हजार बजेट विनियोजन गरेको छु ।

३. नागरीक आरोग्य केन्द्रलाई प्रभावकारी रुपमा संचालन तथा व्यवस्थापन रु ५ लाख बिनियोजन गरेको छु ।

४. झिमरुक गाउँपालिकाभित्र सुचिकृत स्वास्थ्य संस्थाहरु र जिल्ला अस्पतालमा प्रसुति सेवा लिन जाँदा र फर्कंदा लाग्ने यातायात खर्चमा नेपाल सरकारले दिएको यातायात खर्च सुविधामा थप रकम उपलव्ध गराउन रु ८ लाख बजेट व्यवस्था गरेको छु ।

५. झिमरुक गाउँपालिका वडा न ५ ढाँडमा निर्माणाधिन १५ शैयाको अस्पताल भवन निर्माणको लागि ४ करोड ४८ लाख वजेट विनियोजन गरेको छु ।

६. झिमरुक गाउँपालिकाभित्र रहेका एच आइ भि संक्रमितहरुको लागि पोषण स्वास्थ्यमा सुधार ल्याउने र विभेद न्यूनिकरण सम्वन्धि अभिमुखिकरण कार्यक्रमको लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।

७. बहुक्षेत्रिय पोषण कार्यक्रम मार्फत सुनौलो हजार दिनका आमा र वच्चा र किशोरीहरुलाई केन्द्रमा राखि पोषण कार्यक्रम संचालनको लागि रु २४ लाख वजेट विनियोजन गरेको छु ।

८. झिमरुक गाउँपालिकामा रहेका महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकालाई प्रोत्साहन क्षमता अभिवृद्धीको लागि रु २४ लाख ६० हजार रूपैया बजेट व्यवस्था गरेको छु।

९. म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य घरटोलमा स्वास्थ्य पर्वद्धन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

१०. झिमरुक गाउँपालिकाभित्रका आधारभूत स्वास्थ्य संस्थाहरूको गुणस्तर सुधारका लागि विनियोजित रू. १ करोड ४० लाख बजेटमार्फत गाउँपालिका मातहतका स्वास्थ्य केन्द्रहरूमा अत्याधुनिक चिकित्सा उपकरण, प्रयोगशाला (ल्याब) को सुदृढीकरण, आवश्यक औषधी तथा शैया (बेड) खरिद एवं स्वास्थ्य चौकीहरूको भौतिक पूर्वाधार निर्माण तथा स्तरोन्नति गरी आम नागरिकलाई स्थानीय स्तरमै गुणस्तरीय र भरपर्दो स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ।

११. स्वास्थ्य संस्था पूर्वाधार निर्माण तथा खोप क्लिनिक भवन निर्णमा आयोजनाका लागि रु २२ लाख विनियोजन गरेको छु ।

१२. समग्रमा स्वास्थ्य तथा पोषणको क्षेत्रमा रु ११ करोड १६ लाख ०८ हजार बजेट विनियोजन गरेको छु ।

खानेपानी तथा सरसफाई

१. जनताको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको खानेपानी तथा सरसफाइ क्षेत्रको क्षमता र भौतिक पूर्वाधार विकास, पानि शुद्धिकरण, एन वास अध्यावधिक लगाएत ३८ वटा योजना तथा कार्यक्रम सञ्चालन गर्न रु. ९९ लाख ७० हजार बजेट विनियोजन गरेको छु ।

२. झिमरुक गा पा ८ वटा वडाका सम्पूर्ण खा पा मर्मतको लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

भाषा तथा संस्कृति

१. झिमरुक गाउँपालिकाभित्रका विभिन्न मठ-मन्दिरहरूको निर्माण तथा मर्मत-सम्भार गर्न र यहाँका परम्परागत धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरूको संरक्षण र प्रवर्द्धनका लागि रु. ४५ लाख ५१ हजार बजेट विनियोजन गरेको छु ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

१. आर्थिक, सामाजिक र शैक्षिक रूपमा पछाडि परेका महिला, दलित, आदिवासी, जनजाति, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिक लगायतका लक्षित वर्ग तथा समुदायको उत्थानका लागि विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्न रु. १९ लाख ३० हजार बजेट विनियोजन गरेको छु ।

२.असहाय विपन्न ४५ वर्ष माथिका एकल महिलाहरुको सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन रु ५ लाख वजेट विनियोजन गरेको छु।

३. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्तालाई व्यवस्थित गर्नको लागि ८ वटा वडाका स्थानीय पञ्जिकाधिकारीलाई सामाजिक सुक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिमको व्यवस्था गरेको छु । साथै बैङ्क सँगको समन्वयमा ६ वटा वडाका बस्तिस्तरमा नै गएर सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यक्रमलाई निरन्तर्ता दिनको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

४. गरिव विपन्न महिला तथा लक्षित वर्गको विभिन्न वस्तीमा उद्यमशिलता र सिप विकास तालिम संचालन गर्न आवश्यक वजेटको व्यवस्था मिलाएको छु।

समग्रमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको लागि रु ७० लाख ३० हजार वजेट विनियोजन गरेको छु।

गाउँसभाका अध्यक्षज्यू, सदस्यज्यूहरु,

अब म भौतिक पूर्वाधारको विकास विना अन्य क्षेत्रले गति लिन नसक्ने कुरालाई मध्यनजर गर्दै यातायात पूर्वाधार, भवन, आवास, सहरी विकास र ऊर्जा क्षेत्रलाई उच्च प्राथमिकतामा राखी कुल रु. ८ करोड ७० लाख ४७ हजार बजेट विनियोजन गरिएको छ ।

यातायात पूर्वाधार

१.यातायात पूर्वाधार अन्तर्गत सडकहरु निर्माण/मर्मत/स्तरउन्नती, घोरेटो/गोरेटो बाटाहरु निर्माण/ मर्मत/ स्तरउन्नती, झोलुङ्गेपुल निर्माणका लागी रु ६ करोड ३३ लाख ३७ हजार बजेट विनियोजन गरेको छु ।

२. बाग्दुला — बतासेडाँडा —मच्छी —लामासेरा झिमरुक गा पा पहुँच मार्ग अन्तर्गत वतासेडाँडा मच्छी सडक कालोपत्र लाई लाई आ व २०८३/८४ मा गाउँपालिकाको पहुँच मार्ग भित्रको मापदण्डमा रहि स्तरउन्नती गर्न बहुवर्षीय आयोजनाको रुपमा ९ करोड लागत अनुमान गरिएकोमा आ.व. २०८३/८४ को लागि रु १ करोड ८४ लाख ३० हजार बजेट विनियोजन गरेको छु ।

३.बाग्दुला—बतासेडाँडा—मच्छी—लामासेरा झिमरुक गा.पा. पहुँच मार्ग अन्तर्गतको 'घुम्नेठाटी ज्यामुर खोला मच्छी खण्ड कालोपत्रे' योजनालाई आव २०८३/८४ देखि २०८५/८६ सम्ममा सम्पन्न गर्ने गरी बहुवर्षीय आयोजनाका रूपमा अघि बढाउन चालु आर्थिक वर्षका लागि रु. १ करोड ४३ लाख २० हजार बजेट विनियोजन गरेको छु ।

४. झिमरुक रिङ्गरोड कालोपत्रे' योजनालाई आ.व २०८३/८४ मा रु. १ करोड २५ लाख बजेट विनियोजन गरेको छु ।

५.विभिन्न क्षेत्रहरुसँग झिमरुक गाउँपालिकाबाट पूर्वाधार क्षेत्रमा म्याचिङ्ग गरी साझेदारी विकासका क्रियाकलाप अगाडी बढाउने नीति अनुरुप म्याचिङ्ग फन्डको लागि रु ६० लाख वजेट विनियोजन गरेको छु ।

भवन आवास तथा सहरी विकास

१. भवन आवास तथा सहरी विकासको लागि आ व २०८३/८४ को लागि २ करोड ३७ लाख १० हजार बजेट विनियोजन गरको छु ।

२. नागरीकहरुको सुरक्षित आवासको हकलाई मध्यनजर गर्दै पराल र खरको छाना भएका घर परिवारलाइ जस्तापाताको छानामुनी ल्याउने गरि सुरक्षित नागरिक आवास कार्यक्रमको लागि रु १८ लाख वजेट विनियोजन गरेको छु ।

३. झिमरुक गाउँपालिका वडा न. २ मा वडा कार्यालय भवन निर्माणको लागि रु ४० लाख वजेट विनियोजन गरेको छु ।

४. गाउँपालिकाबाट निर्माण हुने संरचनाहरु अपाङ्गमैत्री बनाइने छ।

गाउँसभाका अध्यक्षज्यू, सदस्यज्यूहरु,

अव म सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रतर्फ प्रस्तावित कार्यक्रम तथा बजेटमार्फत गाउँपालिकाको प्रशासनिक कार्यप्रणालीलाई प्रविधिमैत्री, पारदर्शी र जवाफदेही बनाउन विद्युतीय सुशासनको प्रवर्द्धन, कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकास, सार्वजनिक सुनुवाइ तथा परीक्षणमार्फत नागरिक निगरानी अभिवृद्धि, र लैङ्गिक समानता, सामाजिक समावेशीकरण एवं विपद् व्यवस्थापन जस्ता अन्तरसम्बन्धित विषयहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र

शासन प्रणाली, प्रशासकीय सुशासन, वित्तिय सुशासन, कानुन तथा न्याय, बातावरण तथा जलबायु, मानव संसाधन विकास, श्रम तथा रोजगारी र विपद् व्यवस्थापन समेतका क्षेत्रलाइ प्राथमिकतामा राखी बजेट विनियोजन गरेको छु । यस क्षेत्रका लागि कुल रु १ करोड ६२ लाख ४३ हजार ४ सय ४३ रुपैया रकम विनियोजन गरेको छु ।

शासन प्रणाली

झिमरुक गाउँपालिका र जनता विचको सम्वन्ध र गाउँपालिकाले गरेका प्रतिवद्धतालाई जनता समक्ष प्रत्याभूत गराउने नीति अनुरुप सेवा प्रबाह सम्वन्धि सार्वजनिक सुनुवाइ,घुम्ति शिविर कार्यक्रम आन्तरिक नियन्त्रण प्रणाली निर्माण, विभिन्न सचेतनामुलक कार्यक्रम तथा क्षमता विकास लगायतका कार्यक्रमको लागि रु २२ लाख ८० हजार विनियोजन गरेको छु ।

१. झिमरुक गाउँपालिका भित्रका वडा कार्यालय र स्वास्थ्य संस्थाका लागि व्याक्अप जडान र र वातानुकुल प्रविधि खरिद तथा जडानको लागि आवश्यक वजेट विनियोजन गरेको छु।

२. राष्ट्र सेवक कर्मचारीको मनोवल उच्च राखी सेवा प्रवाहलाई प्रभावकारी बनाउन संघीय सरकारले वृद्धी गरे बमोजिम हुने गरि, तलव वृद्धि गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

कानुन तथा न्याय

१.गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने उजुरी /निवेदन सम्वन्धि न्यायीक निरुपण गर्न तथा कानूनी शिक्षा पहूँच अभिवृद्धी गर्न विभिन्न कार्यक्रमको लागि रु ७ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

बन बातावरण जलवायु तथा विपद्

१. फोहोमैला व्यवस्थापनक र सचेतनामूलक कार्यक्रम लागि रु ५ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

२. विपद कोषमा रकम अभाव हुन नदिन रु १५ लाख बजेट व्यवस्था गरेको छु। जस्बाट विपद् व्यवस्थापन सम्वन्धि पूर्व तयारी प्रतिकार्य तथा समग्र विपद्जन्य प्रकोपबाट गाउँपालिकाबासीलाई सुरक्षित गर्न उद्दार, राहत र पुनर्स्थापनाको जिम्मेवारी बहन गर्न विपद् सम्वन्धि सचेतनामुलक तालिम संचालन तथा विपद् व्यवस्थापन जस्ता कार्यक्रमहरु संचालन हुनेछन।

३. गाउँपालिका स्तरीय आपत्कालिन केन्द्र व्यवस्थापन गर्नको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

४. विपद् प्रतिकार्य योजना अध्यावधिक गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

५. समग्रमा वन वातावरण तथा विपद व्यवस्थापनमा रु ३० लाख ९० हजार विनियोजन गरेको छु ।

गाउँसभाका अध्यक्षज्यू, सदस्यज्यूहरु

अब म आ.व. २०८२/०८३ को राजश्व तथा स्रोत परिचालन सम्वन्धमा प्रस्ताव गरिएका व्यवस्थाहरुको विषयमा सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।

१. नेपालको संविधानको अनुसूची ८ बमोजिम स्थानीय तहलाइ प्राप्त एकल अधिकार तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको वित्तिय अधिकार क्षेत्र भित्र स्थानीय सरकारले लगाउन पाउने कर, सेवा शुल्क, दस्तुर तथा अन्य विविध आय संकलनका लागि आवश्यक व्यवस्था मिलाएको छु ।

२. कर संकलनका लागी गाउँपालिकाका विभिन्न ठाउँहरुमा घुम्ति शिविरहरु संचालन गर्ने, असल करदातालाई सम्मान गर्ने व्यवस्था मिलाएको छु ।

३. महिला, अपाङ्ग भएका व्यक्ति र दलित समुदायको व्यक्तिहरुलाइ प्राइभेट फर्म दर्ता शुल्कमा २५ प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु ।

गाउँसभाका अध्यक्षज्यू, सदस्यज्यूहरु,

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यन्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहान्छु।

अनुमानीत व्यय र स्रोत व्यवस्थापन

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु ६२ करोड १७ लाख हजार ५ सय रकम विनियोजन गरेको छु ।कुल विनियोजित रकम मध्ये चालु खर्च तर्फ रु ४२ करोड २० लाख ९१ हजार र पूँजिगत खर्च तर्फ १९ करोड ९६ लाख ४० हजार ५ सय रहेको छ ।

आ.व.२०८३/८४को लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छ ।

सि.न	विवरण	रकम रु
१	**नेपाल सरकारवाट प्राप्त अनुदान**	
क	वित्तीय समानिकरण	१० करोड ३२ लाख
ख	सर्शत अनुदान-चालु	२४ करोड ७८ लाख
ग	सर्शत अनुदान- पुजिगत	६८ लाख
घ	समपुरक अनुदान	२ करोड २९ लाख
ङ	विशेष अनुदान	१ करोड ४० लाख
	नेपाल सरकारवाट प्राप्त अनुदान	**३९ करोड ४७ लाख**
२	**प्रदेश सरकारवाट प्राप्त अनुदान**	
क	वित्तिय समानिकरण	६९ लाख ७६ हजार
ख	सर्शत अनुदान- चालु	१५ लाख
ग	सर्शत अनुदान- पुजिगत	७४ लाख ५० हजार
घ	समपुरक अनुदान पुँजिगत	७५ लाख
ङ	विषेश अनुदा पुँजिगत	२२ लाख
	प्रदेश सरकारवाट प्राप्त अनुदान	**१ करोड ४५ लाख ३८ हजार**
३	प्रदेश सरकारको राजश्व वाँडफाँडवाट प्रात अनुदान	९६ लाख ९० हजार
४	नेपाल सरकारवाट राजश्व वाँडफाँड (रोयल्टी समेत) वापत प्राप्त रकम	९ करोड ७२ लाख ०३ हजार
५	**स्थानीय राजस्व बाँडफाड**	**३० लाख**
६	**आन्तरिक आम्दानी**	**९२ लाख**
७	**बैक मौज्दात**	**८ करोड २३ लाख १२ हजार ५ सय रुपैया**
	कुल जम्मा आय रकम	**६२ करोड १७ लाख ३१ हजार ५ सय**

बजेटलाई निम्नानुसारका विषयगत क्षेत्रहरुमा रकम विनियोजन गरिएको छ ।

क्र.सं	विषयगत क्षेत्र	रकम	प्रतिशत
१	आर्थिक विकास	३ करोड ०६ लाख ४३ हजार	४.९१ प्रतिशत
२	सामाजिक विकास	३९ करोड ८७ लाख ४२ हजार ५७	६४.१४ प्रतिशत
३	पूर्वाधार विकास	८ करोड ७० लाख ४७ हजार	१४ प्रतिशत

४	सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्र	१ करोड ६२ लाख ४३ हजार ४ सय ४३	२.६२ प्रतिशत
५	संस्थागत विकास तथा सेवा प्रबाह	८ करोड ९० लाख ५६ हजार	१४.३३ प्रतिशत
६२ करोड १७ लाख ३१ हजार ५ सय			१०० प्रतिशत

सभाध्यक्ष ज्यू

चालु आर्थिक वर्षको यो जग र सिकाइले हामीलाई आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटलाई थप व्यावहारिक, परिणाममुखी र झिमरुकबासीको समृद्धि चाहना अनुकूल बनाउन ठोस दिशा निर्देश गरेको छ।

आदरणीय गाउँसभाका सदस्यज्यूहरू,

अन्त्यमा, यो बजेट तथा कार्यक्रम केवल तथ्याङ्कको पुलिन्दा मात्र होइन, यो झिमरुक गाउँपालिकाका सम्पूर्ण जनसमुदायको समृद्धिको सपना र हाम्रो प्रतिबद्धताको मार्गचित्र हो। सीमित स्रोत साधनका बाबजुद हामीले लिएको "हाम्रो झिमरुक, राम्रो झिमरुक को संकल्प पूरा गर्न सरोकारवाला सम्पूर्ण राजनीतिक दल, कर्मचारी, बुद्धिजीवी, पत्रकार, नागरिक समाज र आम जनसमुदायबाट विगतमा जस्तै आगामी दिनमा पनि पूर्ण सहयोग प्राप्त हुने विश्वास लिएको छु।

यो बजेट तथा कार्यक्रम तर्जुमा गर्न अहोरात्र खटिनुहुने गाउँ कार्यपालिकाका सदस्यज्यूहरू, वडा अध्यक्षज्यूहरू, विषयगत समितिका पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृतसहित सम्पूर्ण कर्मचारी संयन्त्रप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै आ.व. २०८३/८४ को यो बजेट वक्तव्य यस सम्मानित गाउँसभामा स्वीकृतिका लागि पेस गर्दछु। धन्यवाद।

जय झिमरुक।

प्रमोद पोखेल
उपाध्यक्ष तथा संयोजक
बजेट तथा कार्यक्रम तर्जुमा समिति
झिमरुक गाउँपालिका प्यूठान
मिति २०८३/०३/१०

झिमरुक गाउँपालिकाको आर्थिक ऐन, २०८३

सभावाट पारित मितिः२०८३/०३/१०

प्रस्तावनाः झिमरुक गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा, २२८ को उपधारा (२) बमोजिम झिमरुक गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "झिमरुक गाउँपालिकाको आर्थिक ऐन, २०८३" रहेको छ।

(२) यो ऐन पारित भएपश्चात ऐनको रुपमा २०८३ साल श्रावण १ गतेदेखि झिमरुक गाउँपालिका क्षेत्रमा लागु हुने छ ।आर्थिक वर्ष २०८३/०८४ मा झिमरुक गाउँपालिकाबाट संकलन गरिएको कर, शुल्क लगायतका दस्तुर यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

२. **सम्पति करः** झिमरुक गाउँपालिका क्षेत्रभित्र एकीकृत सम्पति कर विस्तृत अध्ययन गरे पश्चात लगाइने छ। झिमरुक गाउँपालिका क्षेत्रभित्र अनुसूची (१ क) बमोजिम घर कर लगाइने र असुल उपर गरिनेछ ।

३. **भूमी कर (मालपोत):** झिमरुक गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमी कर (मालपोत) लगाइने र असुल उपर गरिने छ ।

४. **घर वहाल करः** झिमरुक गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै/आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिने छ ।

५. **व्यवसाय करः** झिमरुक गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिने छ ।

६. **जडीबुटी, कवाडी र जीवजन्तु करः** विस्तृत अध्ययन पश्चात झिमरुक गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिम कर लगाइने र असुल उपर गरिने छ ।

७. **सवारी साधन करः** झिमरुक गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिने छ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

८. **विज्ञापन करः** झिमरुक गाउँपालिकाका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिने छ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

९. **मनोरन्जन करः** झिमरुक गाउँपालिकाका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिने छ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

१०. **बहाल बिटौरी शुल्कः** झिमरुक गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिने छ ।

११. **पार्किङ्ग शुल्कः** झिमरुक गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ्ग शुल्क लगाइने र असुल उपर गरिने छ।

१२. **ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र च्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले पूर्वाधारको विकास तथा विस्तृत अध्ययन गरेपछि आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र च्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरे बापत शुल्क लगाइने र असुल उपर गरिने छ ।

१३. **सेवा शुल्क, दस्तुरः** झिमरुक गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिने छ ।

१४. **पर्यटन शुल्कः** झिमरुक गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१२) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिने छ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **दण्ड जरिवानाः** प्रचलित कानुनले तोकेको बाहेकका विषयमा चालु आ.व.को असार मसान्त भित्र चुक्ता गर्नु पर्ने कर शुल्क तथा दस्तुर चालु आ.व.को असार ३० गते भित्र बुझाउनु पर्ने छ ।गत बिगत बर्षको कर शुल्क तथा दस्तुर नबुझाउने पक्षलाई वार्षिक २५ प्रतिशतका दरले थप जरिवाना लाग्ने छ ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि अनुसूची (१३) मा व्यवस्था भए बमोजिम हुने छ ।दण्ड, जरिवाना, कर, शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तयार गर्न सक्ने छ ।

अनुसूची-१
(ऐनको दफा १ सँग सम्बन्धित)
सम्पत्ति कर

क्र.स	एकीकृत सम्पत्तिको मूल्य रु	आ.व. २०८१/०८२ को वार्षिक रु	आ.व. २०८२/०८३ को वार्षिक रु	आ.व. २०८३/०८४ को वार्षिक रु
१	१ देखि १००००० सम्म	५०	५०	५०

२	१००००१ देखि ५००००० सम्म	१००	१००	१००
३	५००००१ देखि ७५०००० सम्म	२२०	२२०	२२०
४	७५०००१ देखि १०००००० सम्म	२७०	२७०	२७०
५	१०००००१ देखि १२५०००० सम्म	३२५	३२५	३२५
६	१२५०००१ देखि १५००००० सम्म	५००	५००	५००
७	१५००००१ देखि १७५०००० सम्म	६५०	६५०	६५०
८	१७५०००१ देखि २०००००० सम्म	७५०	७५०	७५०
९	२०००००१ देखि २२५०००० सम्म	८५०	८५०	८५०
१०	२२५०००१ देखि २५००००० सम्म	१०००	१०००	१०००
११	२५००००१ देखि ३०००००० सम्म	१२००	१२००	१२००
१२	३०००००१ देखि ३५००००० सम्म	१४००	१४००	१४००
१३	३५००००१ देखि ४०००००० सम्म	१६००	१६००	१६००
१४	४०००००१ देखि ४५००००० सम्म	१८००	१८००	१८००
१५	४५००००१ देखि ५०००००० सम्म	२०००	२०००	२०००
१६	५०००००१ भन्दा थप प्रति लाख	२२५	२२५	२२५

अनुसूची-१(क)

(ऐनको दफा २ सँग सम्बन्धित)

घर कर

क्र.सं.	विवरण	आ.व. २०८१/०८२ को वार्षिक रु	आ.व. २०८२/०८३ को वार्षिक रु	आ.व. २०८३/०८४ को वार्षिक रु
१	खरको छानाको घर	निशुल्क	निशुल्क	निशुल्क
२	ढुङ्गा/टिन/टायल को घर	१००	१००	१००
३	ढलान/ पक्की घर न्यूनतम १ तला	६००	६००	६००
४	ढलान/ पक्की घर थप २ तला	६००	७००	७००
५	ढलान/ पक्की घर थप ३ तला	७००	८००	८००
६	ढलान/ पक्की घर थप ४ तला	८००	९००	९००
७	ढलान/ पक्की घर थप ५ तला	९००	१०००	१०००
८	ढलान/ पक्की घर थप ६ तला	१०००	११००	११००

अनुसूची -२

(ऐनको दफा ३ सँग सम्बन्धित)

भूमि कर/मालपोत कर

क्र.सं.	विवरण	आ.व. २०८१/०८२ को वार्षिक रु	आ.व. २०८२/०८३ को वार्षिक रु	आ.व. २०८३/०८४ को वार्षिक रु
१	अब्बल -१ रोपनी सम्म)	२५	२५	२५
२	अब्बल (१ रोपनी भन्दा माथि थप प्रति रोपनी)	३५	३५	३५
३	दोयम (१ रोपनी सम्म)	२०	२०	२०
४	दोयम (१ रोपनी भन्दा माथि थप प्रति रोपनी)	२५	२५	२५
५	सीम (१ रोपनी सम्म)	१५	१५	१५
६	सीम (१ रोपनी भन्दा माथि प्रति थप रोपनी)	२०	२०	२०
७	चाहार (१ रोपनी सम्म)	११	११	११
८	चाहार (१ रोपनी भन्दा बढी प्रति थप रोपनी)	१२	१२	१२
९	खेत अव्वल (१ रोपनी सम्म)	३०	३०	३०
१०	खेत अव्वल (१ रोपनी भन्दा माथी थप प्रति रोपनी)	४०	४०	४०
११	खेत दोयम(१ रोपनी सम्म)	२५	२५	२५
१२	खेत दोयम(१ रोपनी भन्दा माथी थप प्रति रोपनी)	३०	३०	३०
१३	खेत सिम(१ रोपनी सम्म)	२०	२०	२०
१४	खेत सिम(१ रोपनी भन्दा माथी थप प्रति रोपनी)	२५	२५	२५
१५	खेत चाहर(१ रोपनी सम्म)	१३	१३	१३
१६	खेत चाहर(१ रोपनी भन्दा माथी थप प्रति रोपनी)	१५	१५	१५

अनुसूची-४

(ऐनको दफा ५ सँग सम्बन्धित)

व्यवसाय कर

सि.नं.	व्यवसायका क्षेत्रहरू	आ.व. २०८१/०८२ को वार्षिक रु	आ.व. २०८२/०८३ को वार्षिक रु	आ.व. २०८३/०८४ को वार्षिक रु
क	**सुर्ति,चुरोट,मदिरा र पेय पदार्थ**			
१	मदिरा व्यवसाय(वितरक)	१००००	१००००	१००००
२	मदिरा व्यवसाय(थोक)	५०००	५०००	५०००
३	मदिरा व्यवसाय(खुद्रा)	२०००	२०००	२०००

सि.नं.	व्यवसायका क्षेत्रहरू	आ.व. २०८१/०८२ को वार्षिक रु	आ.व. २०८२/०८३ को वार्षिक रु	आ.व. २०८३/०८४ को वार्षिक रु
४	चुरोट,बिडी,सुर्ती जन्य(वितरक)	१५०००	१५०००	१५०००
५	चुरोट,बिडी, सुर्ती जन्य(थोक)	१००००	१००००	१००००
६	हल्का पेय पदार्थ(वितरक)	१५०००	१५०००	१५०००
७	हल्का पेय पदार्थ(थोक)	५०००	५०००	५०००
ख	**आभुषण तथा सौन्दर्य व्यवसाय**			
१	सुनचाँदी व्यवसाय(नयाँ गहना विक्री र मर्मत खुद्रा पसल र मर्मत)	३०००	३०००	३०००
२	सुनचाँदी व्यवसाय(खुद्रा पसल र मर्मत)	२०००	२०००	२०००
३.	कस्मेटिक पसल थोक	५०००	५०००	५०००
४.	कस्मेटिक पसल खुद्रा	१०००	१०००	१०००
५.	व्युटी पार्लर/सैलुन	१५००	१५००	१५००
ग	**स्वास्थ्य सेवाजन्य व्यवसाय**			
१	औषधी व्यवसाय (वितरक)	५००००	५००००	५००००
२	औषधी व्यवसाय(थोक)	१००००	१००००	१००००
३	औषधी व्यवसाय(खुद्रा)	३०००	३०००	३०००
४	पशु आहार बिक्रि केन्द्र थोक	५०००	५०००	५०००
५	आयुर्वेदिक औषधी व्यवसाय (थोक)	१००००	१००००	१००००
६	आयुर्वेदिक औषधी व्यवसाय खुद्रा	३०००	३०००	३०००
७	एग्रोभेट व्यवसाय (थोक)	५०००	५०००	५०००
८	एग्रोभेट व्यवसाय(खुद्रा)	१५००	१५००	१५००
९	पशु आहार बिक्रि केन्द्र खुद्रा	१०००	१०००	१०००
घ	**स्टेशनरी**			
१	स्टेशनरी व्यवसाय (थोक)	५०००	५०००	५०००
२	स्टेशनरी व्यवसाय (खुद्रा)	२०००	२०००	२०००
३	छपाई तथा प्रकाशन(अफसेट प्रेस)	५०००	५०००	५०००
४	छपाई तथा प्रकाशन(साधारण प्रेस)	२५००	२५००	२५००
५	पेन्टर/साईन वोर्ड लेख्ने	५००	५००	५००
ङ				
१	मोटर पार्ट्स/मर्मत	१५००	१५००	१५००
२	लुब्रीकिन थोक पसल	१५००	१५००	१५००
३	लुब्रीकिन खुद्रा पसल	१०००	१०००	१०००
४	मोटरसाइकल मर्मत	२०००	२०००	२०००

सि.नं.	व्यवसायका क्षेत्रहरू	आ.व. २०८१/०८२ को वार्षिक रु	आ.व. २०८२/०८३ को वार्षिक रु	आ.व. २०८३/०८४ को वार्षिक रु
५	बस, ट्याक्सी लगायतका सवारी साधन मर्मत	२५००	२५००	२५००
६	अन्य विविध मर्मत	५००	५००	५००
r	**निर्माण व्यवसाय**			
१	हार्डवेयर/ मेसिनरी/स्यानिटरी/मार्बल पसल(थोक)	२००००	२००००	२००००
२	हार्डवेयर/ मेसिनरी/स्यानिटरी/मार्बल पसल(खुद्रा)	५०००	५०००	५०००
३	स्टिल आलमुनियम पसल(थोक)	२०००	२०००	२०००
४	स्टिल आलमुनियम पसल(खुद्रा)	१०००	१०००	१०००
५	फर्निचर (खुद्रा) र सामान्य	२०००	२०००	२०००
६	फर्निचर मेसिनको प्रयोग गरी काठ चिरान गर्ने	५०००	५०००	५०००
७	इटा, ढुङ्गा तथा गिट्टी बालुवा बिक्री वितरण गर्ने डिपो	१५००	१५००	१५००
८	प्लाइ तथा ग्लास(थोक)	८०००	८०००	८०००
९	प्लाइ तथा ग्लास(खुद्रा)	१०००	१०००	१०००
छ	**पशपन्छी वधशाला**			
१.	माछा मासु विक्री व्यवसाय	२०००	२०००	२०००
ज	**कपडा तथा फेन्सी र जुत्ताचप्पल/ब्याग पसल**			
१	कपडा/फेन्सी/जुत्ताचप्पल/ब्याग पसल(थोक)	७०००	७०००	७०००
२	कपडा/फेन्सी/जुत्ताचप्पल/ब्याग पसल, किराना पसल(खुद्रा)	३०००	३०००	३०००
झ	**इलेक्ट्रोनिक पसल (मोबाइल, घडी, क्याल्कुलेटर अडियो, भिडियो विक्रि तथा मर्मत**			
१	इलेक्ट्रोनिक पसल (मोबाइल, घडी, क्याल्कुलेटर अडियो, भिडियो, आदि)(थोक)	५०००	५०००	५०००
२	इलेक्ट्रोनिक पसल (मोबाइल, घडी, क्याल्कुलेटर अडियो, भिडियो, आदि)(खुद्रा)	१५००	१५००	१५००

सि.नं.	व्यवसायका क्षेत्रहरू	आ.व. २०८१/०८२ को वार्षिक रु	आ.व. २०८२/०८३ को वार्षिक रु	आ.व. २०८३/०८४ को वार्षिक रु
३	मर्मत सम्भार (टि.भी, फ्रिज, मोटर, पङ्खा, रेडियो, घडी जेनेरेटर, कम्प्युटर, मोबाइल (इलेक्ट्रोनिक))	१०००	१०००	१०००
`	**पेट्रोलियम पदार्थ**			
